विद्युत नियमन आयोग - नेपाल

# वार्षिक प्रतिबेदन (आ.व. २०७५/७६)

## सानोगौचरण, काठमाडौं, नेपाल

श्रावण, २०७६

# अध्यक्षको भनाई

बिद्युतको उत्पादन, प्रसारण, वितरण र व्यापारलाई सरल, नियमित, ब्यबस्थित र पारदर्शी बनाई बिद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, बिद्युत महसुल नियमन गर्न, बिद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, तथा बिद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा बिद्युत सेवालाई भरपर्दो सर्वसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउन बिद्युत नियमन आयोगको स्थापना बिद्युत नियमन आयोग ऐन २०७४ अन्तर्गत भएको हो ।

२०७६ बैसाख २७ गते देखि विद्युत विकास विभागको भवन, सानो गौचरण, काठमाडौंबाट यस आयोगले आफ्नो कार्यारम्भ गरि आएको छ । बिद्युत सेवालाई भरपर्दो, सर्बसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउन हामी मन बचन र कर्मले दत्तचित्त भएर लागिपरेका छौं । भर्खरै स्थापना भएको निकाय भएकोले आयोगका प्रारम्भिक क्रियाकलाप, आवश्यक श्रोत तथा कर्मचारीहरुको व्यवस्थापन, व्यवसायिक योजनाको तर्जुमा, नियमनको मुख्य औजारका रुपमा रहेका विभिन्न निर्देशिकाहरु र बिनियामवलिहरुको निर्माण र नियमनको ढाँचाको निर्माणमा नै हाम्रो ध्यान केन्द्रित रहेको छ ।

सर्बप्रथम ऊर्जा क्षेत्रमा नियामक निकायको रुपमा स्थापना भएको यस आयोगबाट सर्बसाधारण लगायत सम्पूर्ण ऊर्जा क्षेत्रसंग सम्बद्ध निकायहरुले ठूलो आशा र भरोसा राख्दै आयोगको प्रभावकारी तथा व्यवसायिक रुपमा कार्य सम्पादनको व्यग्रतापूर्वक प्रतिक्षा गर्नु स्वाभाविकै हो । आयोग भर्खरै मात्र स्थापना भएको छ तथापि आयोगका ५ जना पदाधिकारीहरु तथा केहि संख्यामा उपलब्ध कर्मचारीहरुको सामुहिक प्रयासले हाम्रो नियामकिय भूमिका महत्वपुर्ण तवरले निर्बाह गर्दै जानेछौं । साधन स्रोतको कमि, जनशक्तिको अभाब, ऐन नियम कार्यान्वयनमा देखापरेका ब्यबधान आदि अनेकौं समस्याहरुका बाबाजुद पनि कार्य सम्पादनमा हामीले व्यवसायिकता कायम गरिरहेका छौं ।

बिद्युत नियमन आयोगको बैठक सम्बन्धि कार्यविधि २०७६, बिद्युत सम्बन्धि कम्पनि वा संस्थाहरुको शेयरको सार्बजनिक निस्काशन सम्बन्धि निर्देशिका, २०७६ जारी भैसकेका छन् । बिद्युत नियमन आयोग ऐन २०७४ तथा बिद्युत नियमन आयोग नियमावली २०७५ ले दिएको अधिकार र कार्यदिशलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्नका लागि अन्य विभिन्न निर्देशिका र बिनियमहरु निर्माणको चरणमा छन् ।

हामी ठूलो उत्साहका साथ समग्र बिद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त र सुरक्षित बनाउन अग्रसर छौ । हाम्रो यात्रामा सहयोग गर्ने नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय, आयोगका सदस्यहरु, बिद्युत विकास बिभाग, नेपाल बिद्युत प्राधिकरण, स्वतन्त्र उर्जा उत्पादक संघ, आयोगका कर्मचारीहरु, सम्पूर्ण सरकारी र र नीजि ऊर्जा प्रबर्द्धक साथीहरु, सर्बसाधारण जनता लगायत सम्पूर्ण ऊर्जा क्षेत्रलाई धन्यवाद दिन चाहन्छु ।

दिल्ली बहादुर सिंह
अध्यक्ष

# आयोगका पदाधिकारीहरु

दिल्ली बहादुर सिंह

अध्यक्ष

डा.राम प्रसाद धिताल

सदस्य -नियमन तथा बाह्य मामिल

रामकृष्ण खतिवडा

सदस्य -आर्थिक तथा वित्तीय मामिला

रामेश्वर प्रसाद कलवार

सदस्य - प्राबिधिक तथा इन्जिनियरिंग मामिला

भागिरथी ज्ञवाली

सदस्य - उपभोक्ता मामिला

# बिषय सूची


अध्यक्षको भनाई ..... २

आयोगका पदाधिकारीहरु ..... ४

बिषय सूची ..... ५

१. बिद्युत नियमन आयोगको परिचय ..... ६

(क) आयोगको कार्य क्षेत्र ..... ६

(ख) कार्यरत कर्मचारीहरुको विवरण ..... ९

२. आ. ब. २०७५/७६ को मुख्य उपलब्धि ..... १०

(क) आयोगको प्रारम्भिक व्यवसायिक योजना ..... १०

(ख) आयोगको प्रस्तावित संगठन संरचना ..... ११

(ग) बिद्युत नियमन आयोगको बैठक सम्बन्धि कार्यविधि, २०७६ ..... १२

(घ) बिद्युत सम्बन्धि कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६ ..... १२

(ङ) शेयरको सार्वजनिक निष्काशनको लागि प्राप्त निवेदनहरुको मुल्यांकन ..... १२

(च) प्रस्तावित बिद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६ ..... १३

३. आ.व. २०७५/७६ को वित्तीय स्थिति ..... १३

४. चालु आ.व को मुख्य कार्यक्रमहरु ..... १३

५. समस्या र समाधानका प्रयासहरु ..... १४

अनुसूचीहरु ..... १५

# १. विद्युत नियमन आयोगको परिचय

यस आयोगको मुख्य उद्देश्य विद्युत उत्पादन, प्रसारण, वितरण तथा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्नु, विद्युत महशुल नियमन गर्नु, विद्युत उपभोक्ताहरुको हक हित संरक्षण गर्नु र विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउनु तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउनु हो । यो आयोग नेपालको विद्युत क्षेत्रको एकमात्र महत्वपूर्ण नियामक निकाय हो । आयोगको कार्यालय सानोगौचरण, काठमाडौंमा रहेको छ र आयोगले आवश्यकता अनुसार नेपालका अन्य स्थानमा समेत शाखा कार्यालय खोल्न सक्ने प्रावधान रहेको छ । आयोग एक स्वशासित र सङ्गठित संस्थाको रुपमा रहेको छ ।

## (क) आयोगको कार्य क्षेत्र

विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन नियमावली, २०७५ अनुसार आयोगको निम्न बमोजिमका काम, कर्तव्य र अधिकार तोकिएका छन् :

**प्राविधिक व्यवस्थापन गर्ने**

विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा नियमन गर्न आयोगले प्राविधिक व्यवस्थापनको लागि देहायका कार्यहरु गर्नेछः

- विद्युत सेवा सम्बन्धी ग्रिड संहिता र वितरण संहिता बनाई कार्यान्वयन तथा अनुगमन गर्ने ।
- विद्युत सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर निर्धारण गर्ने तथा कार्यविधि बनाई कार्यान्वयन गर्ने ।
- राष्ट्रिय विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न आवश्यक मापदण्ड बनाई लागु गर्ने ।
- विद्युत प्रणाली सञ्चालकको दायित्व निर्धारण गरी कार्यान्वयनको अनुगमन गर्ने ।
- विद्युत सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने ।
- विद्युत सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तार कार्य योजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

**महशुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने**

आयोगले महशुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने सम्बन्धमा देहाय बमोजिमका कार्यहरु गर्नेछः

- सञ्चालन खर्च, ह्रासकट्टी दर, सावाँ व्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत संरचनाको निर्माण, पुनर्निमाण, पुर्नस्थापना तथा शेयर लगानी बापत वार्षिक रूपमा प्राप्त हुने प्रतिफल लगायत विद्युत

खरिद सम्झौता समेतलाई विचार गरी विद्युत महशुल दर निर्धारणका शर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्ने ।

- विद्युत खरिद बिक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्थाबीच हुने विद्युत खरिद बिक्री दर र प्रक्रिया निर्धारण गर्ने ।
- उत्पादित विद्युत खरिद बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच विद्युत खरिद सम्झौता गर्न सहमति दिने ।
- विद्युत मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी लागु गराउने ।
- प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) निर्धारण गर्ने ।
- विशेष परिस्थितिमा विद्युत सेवासँग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत महसुलमा अतिरिक्त महसुल (सरचार्ज) निर्धारण गर्ने ।

**<u>प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने</u>**

आयोगले विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न देहायका कार्यहरु गर्नेछः

- उपभोक्ताको हित संरक्षणको लागि आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने ।
- विद्युत खरिद बिक्रीको दरमा प्रतिस्पर्धाको वातावरण कायम गराउने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिहरू बीच विद्युत महसुल दरमा प्रतिस्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी लागु गराउने ।
- विद्युत महशुल दरमा एकाधिकार (सिण्डिकेट) हुन नपाउने व्यवस्था गर्ने ।
- विद्युतको थोक बजार स्थापना, सञ्चालन तथा खरिद बिक्री प्रक्रिया निर्धारण गर्ने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन (मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिली त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) तथा प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिने ।
- विद्युतको व्यापार गर्दा पालना गर्नुपर्ने शर्तहरू तोक्ने तथा त्यसको नियमित रूपमा अनुगमन गर्ने ।
- प्रसारण लाईनमा बहिरहेको विद्युतको गुणस्तर कायम गराउन समय समयमा जाँच परीक्षण गर्ने वा गराउने ।

- विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने ।

**सङ्गठनात्मक क्षमता वृद्धि गर्ने**

आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता वृद्धि गरी संस्थागत सुशासन कायम गराउन देहाय बमोजिमको कार्य गर्नेछः-

- अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यक्षमता मूल्याङ्कनको स्तर तथा आधार निर्धारण गर्ने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीलाई मर्यादित बनाउन आचारसंहिता तयार गरी लागू गर्ने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युतको बजार प्रवर्द्धन, विस्तार तथा विविधीकरण गर्न उत्प्रेरित गर्ने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली, लेखापरीक्षण विधिमा एकरूपता कायम गर्न मापदण्ड बनाई लागू गर्ने ।
- अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको सञ्चालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीले त्यस्तो संस्थालाई जानकारी गराउनु पर्ने विषय निर्धारण गरी त्यसलाई पालना गर्न लगाउने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिको लेखा प्रणालीको आवश्यकता अनुसार आकस्मिक जाँच गर्ने ।
- अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीमा सुशासन कायम गराउन आवश्यक निर्देशन दिने तथा मापदण्ड जारी गर्ने ।

**नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने**

- विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नु पर्ने नीतिगत सुधारका सम्बन्धमा आयोगले नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिनेछ ।

**जाँचबुझ तथा निरीक्षण गर्ने**

- अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत नियमन आयोग ऐन, २०७४ र सो ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानून वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका शर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ ।
- जाँचबुझ तथा निरीक्षण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिसँग लेखा, अभिलेख, विवरण आदि माग गर्न वा स्थलगत रूपमा जाँचबुझ तथा निरीक्षण गर्न सक्नेछ ।
- जाँचबुझ तथा निरीक्षण गर्ने पदाधिकारी वा कर्मचारीले त्यसको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

- अनुमति पत्र प्राप्त व्यक्तिले आयोगको आदेश तथा निर्देशन पालना नगरेमा आयोगले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १९ बमोजिम जरिबाना गर्न सक्नेछ ।

**विवाद समाधान गर्ने**

देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई हुनेछ :-

- अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत सम्बन्धी विवाद,
- अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दाबी गरेको विषय ।

## (ख) कार्यरत कर्मचारीहरुको विवरण

विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम हाल आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्ति भएको अवस्था छ । उक्त ऐनअनुसार आयोगमा कर्मचारी नियुक्तिभै पदपूर्ति नभएसम्मका लागि ऊर्जा मन्त्रालयले नेपाल सरकारका कुनै कर्मचारीलाई आयोगमा काम गर्नका लागि अवधि तोकी काजमा खटाउन सक्नेछ भन्ने व्यवस्था भएबमोजिम हाल नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयबाट र विद्युत विकास विभागमा कार्यरत १० जना कर्मचारीहरु काजका रुपमा आयोगमा आएर कार्यरत रहेको अवस्था छ । स्थायी दरबन्दी स्वीकृत हुन र तत्पश्चात् पदपूर्ति हुन बाँकी छ । कर्मचारी विनियमावली निर्माणाधीन अवस्थामा छ । आयोग साधन स्रोत र जनशक्तिका दृष्टिले परिपक्व हुन केही समय लाग्ने अनुमान गरिएको छ । त्यसपछि मात्र आयोगको आन्तरिक क्षमताको विकास हुने देखिन्छ । हाल काजमा आई कार्यरत रहेका कर्मचारीको विवरण निम्नअनुसार रहेको छः

१. आयोगको सचिवको भूमिकामा कार्यरत सी.डी.ई. - १ जना
२. सि.डी.ई.- १ जना
३. उपसचिव (कानुन) - १ (विद्युत विकाश विभाग र आयोग दुवैतर्फ कामकाज गर्ने गरी )
४. इञ्जिनीयर -२ जना (आयोग र विद्युत विकास विभाग दुवैतर्फ कामकाज गर्ने गरी )
५. शाखा अधिकृत -१ जना (१ जना आयोग र विद्युत विकास विभाग दुवैतर्फ कामकाज गर्ने गरी )
६. लेखा अधिकृत -१जना (आयोग र विद्युत विकास विभाग दुवैतर्फ कामकाज गर्ने गरी )
७. नायब सुब्बा - २ जना (आयोग र १ जना आयोग (स्टोर) र विद्युत विकास विभाग दुवैतर्फ कामकाज गर्ने गरी)
८. कार्यालय सहयोगी - १ जना (विद्युत विकास विभागबाट सहयोग मात्र लिइएको)

## २. आ. व. २०७५/७६ को मुख्य उपलब्धि

### (क) आयोगको प्रारम्भिक व्यवसायिक योजना

विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम गठन भएको यस आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण हुने क्रममा रहेको अवस्थामा आयोगको सांगठनिक ढाँचा स्पष्ट भैसकेको छैन । तर, आयोग को आन्तरिक तयारी र विभिन्न देशहरुको बिद्युत नियमन आयोगको सुरुवात को अवस्था देखि परिपक्वता को अवस्था सम्म अध्ययन गर्दा आयोगलाई निम्न तीन चरणमा व्याख्या गरी प्रारम्भिक व्यवसायिक योजना तयार गरिएको छः-

- **प्रथम चरण (Roll out Phase)**

आयोगका पदाधिकारीहरु नियुक्त भएको १ बर्ष देखि १५ महिनाको अबधिको कायम रहने प्रथम चरण (Roll out Phase) मा आयोगले प्रारम्भिक क्रियाकलापको तर्जुमा, व्यवसायिक योजना, नियमन ढाँचा (Regulatory Framework) निर्माण गर्ने उदेश्य राखेकोमा सोहि अनुसार आवश्यक व्यवसायिक योजना, निर्देशिका तथा बिनियामवालीहरु तयार गरिरहेको छ ।

- **दोस्रो चरण (Stand up Phase)**

यो अवधिलाई प्रथम चरण (Roll out Phase) पछिको १६औं देखि ३०औं महिना सम्म गरिने कार्यहरु समेटी तयार गरिएको छ । यस अवधिमा आयोगका लागि आवश्यक प्रमुख नियामकीय उपकरण (Regulatory Instrument) तयार हुनेछन् । यस अवधिमा आवश्यक कर्मचारीहरुको नियुक्ति गरिनेछ साथै कार्यालय संचालन गर्न आवश्यक पूर्वाधार तयार हुनेछ र प्रभावकारी रुपमा नियमन सम्बन्धी कार्यहरु (Regulatory Role) बहन गरिनेछ ।

- **तेस्रो चरण (Stabilisation Phase)**

यो दोस्रो चरण (Stand up Phase) पछिको अवधि हो ।यस अवधिमा आयोगले विद्युत बजारमा सुधार र प्रतिस्पर्धात्मक क्षमता लागु गराउन आवश्यक नियामकीय उपकरण (Regulatory Instrument) तयार गर्नेछ साथै आन्तरिक क्षमतामा पूर्ण रुपमा विकास भई सरकारलाई सुझाव दिने विषेशज्ञीय क्षमता आर्जन गर्नेछ ।

## (ख) आयोगको प्रस्तावित संगठन संरचना

विद्युत नियमन आयोग स्थापना भइ आयोगको सङ्गठन संरचना तयार गरी अनुसूची-१ बमोजिमको सङ्गठन संरचना प्रस्ताव गरिएको छ

**महाशाखा र शाखाहरु**

आयोगको कामको विश्लेषण गर्दा आयोगमा निम्न बमोजिमका पाँचवटा विभागहरु रहन उपयुक्त हुने देखिन्छ :-

- योजना तथा नियमन विभाग
- महसुल दर तथा आर्थिक विश्लेषण विभाग
- प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग
- कानून तथा उपभोक्ता हित संरक्षण विभाग
- प्रशासन तथा वित्त विभाग ।

- प्रस्तावित **योजना तथा नियमन विभाग** अन्तर्गत निम्न बमोजिम दुईवटा शाखाहरु रहनेछन् :
    - नियमन तथा अनुगमन शाखा
    - योजना, अनुसन्धान र बाह्य सम्बन्ध शाखा ।

- प्रस्तावित **महशुल दर तथा आर्थिक विश्लेषण विभाग** अन्तर्गत निम्न बमोजिम तीनवटा शाखाहरु रहनेछन् :
    - महशुल तथा दर निर्धारण शाखा
    - आर्थिक तथा वित्त विश्लेषण शाखा
    - शेयर निष्काशन, विलय, प्राप्ति र ग्रहण शाखा ।

- प्रस्तावित **प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग** अन्तर्गत निम्न बमोजिम दुईवटा शाखा रहनेछन् :
    - उत्पादन (जेनेरेशन) सम्बन्धित शाखा
    - प्रशारण तथा वितरण सम्बन्धित शाखा

- प्रस्तावित **कानून तथा उपभोक्ता हित संरक्षण विभाग** अन्तर्गत निम्न बमोजिमका तीनवटा शाखा रहनेछन् :
    - कानून शाखा
    - उपभोक्ता हित तथा सार्वजनिक सुनुवाई शाखा
    - सूचना तथा प्रविधि शाखा

- प्रस्तावित **प्रशासन तथा वित्त विभाग** अन्तर्गत निम्न बमोजिमका दुईवटा शाखा रहनेछन् :
    - प्रशासन शाखा
    - आर्थिक प्रशासन शाखा

## (ग) बिद्युत नियमन आयोगको बैठक सम्बन्धि कार्यविधि, २०७६

बिद्युत नियमन आयोगको बैठक सम्बन्धि कार्यविधि, २०७६ तयार गर्न मिति २०७६/०१/२६ मा बसेको पहिलो बैठकले आयोगका आर्थिक तथा वित्तीय मामिला हेर्ने सदस्य श्री रामकृष्ण खतिवडालाई तोकेको र निजले तयार गरेको **बिद्युत नियमन आयोगको बैठक सम्बन्धि कार्यविधि, २०७६** मिति २०७६/०२/२७ मा बसेको सातौं बैठकले स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ ।

## (घ) बिद्युत सम्बन्धि कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६

बिद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमति प्राप्त कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन गर्नुपूर्व यस आयोगबाट स्वीकृति लिनु पर्ने व्यवस्थालाई स्पष्ट तथा प्रभावकारीरुपमा कार्यान्वयन गर्न बिद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगको मिति २०७६।०३।१६ मा बसेको १३ बैठक ले यो निर्देशिका जारी गरी कार्यन्वयनमा ल्याएको छ ।

## (ङ) शेयरको सार्वजनिक निष्काशनको लागि प्राप्त निवेदनहरुको मुल्यांकन

बिद्युत सम्बन्धि कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६ को मस्यौदा मिति २०७६/०२/२७ मा जारी भएपछि प्राप्त भएका तल उल्लेखित निवेदनहरुको मुल्यांकन गरिरहेको छ ।

| क्र. सं. | निवेदकको नाम | निवेदन प्राप्त मिति | शेयर निस्काशनको किसिम | निस्काशन रकम (रु. करोडमा) |
|---|---|---|---|---|
| १ | माउन्टेन इनर्जी नेपाल लि. | २०७६/०३/१९ | प्राथमिक शेयर निस्काशन | ३९.३६ |
| २ | युनाइटेड इदी मर्दी एण्ड आरबी हाइड्रोपावर लि. | २०७६/०३/२० | प्राथमिक शेयर निस्काशन | १०.५० |
| ३ | लिबर्टी इनर्जी कम्पनि लि. | २०७६/०३/२२ | प्राथमिक शेयर निस्काशन | ३७.५० |
| ४ | ग्रिनलाइफ हाइड्रोपावर लि. | २०७६/०३/२४ | प्राथमिक शेयर निस्काशन | ३४.९७ |

### (च) प्रस्तावित विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६

आयोगले आ. ब. २०७५/७६ मा विद्यमान नेपाल सरकारको नीति, नियम तथा निर्देशिका तथा बिभिन्न निकायहरुको कार्य संचालन बिधि तथा प्रक्रियाहरु, अर्न्तराष्ट्रिय नियामक निकायहरुले प्रचलनमा ल्याएको नीति अध्ययन तथा सरोकारवालासंगको औपचारिक अनौपचारिक छलफल गरी **बिद्युत खरिद बिक्रि तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्त सम्बन्धि बिनियमावली २०७६** मस्यौदा तयार गरेकोमा सोको लागि आवश्यक राय सुझाब माग गरी अन्तिम रुप दिने तयारीमा आयोग रहेको छ। यस बिनियमावलीका मुख्य प्राबधानहरु अनुसूची ४ मा राखिएको छ ।

## ३. आ.ब. २०७५/७६ को वित्तीय स्थिति

गत आ.व मा नेपाल सरकार तथा आयोगको आन्तरिक आम्दानीबाट प्राप्त भएको आय तथा खर्चको विवरण अनुसूची २ मा संलग्न गरिरहेको छ।

## ४. चालु आ.ब. को मुख्य कार्यक्रमहरु

- संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- आयोगको आन्तरिक कार्य प्रणाली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- विद्युत खरिद विक्रि तथा उपभोक्ता महशुलको विनियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने।
- विवाद समाधान तथा उपभोक्ता हित संरक्षण निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- आयोगको कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- आयोगको कोष संचालन कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।
- राष्ट्रिय प्रसारण संहिता (National Grid Code) सम्बन्धि कार्य प्रारम्भ गर्ने ।

## ५. समस्या र समाधानका प्रयासहरु

**(क) साधन र श्रोतको व्यवस्थापन :** आयोग स्थापनाको पुर्वाद्धमा भएकाले आवश्यक श्रोत साधानको समुचित व्यवस्था हुन नसक्नु स्वभाविक नै हो । यस आयोगले शुरुवाती चरणमा कार्यालय स्थापना गरी नियमित कार्य सञ्चालन गर्नका लागि भौतिक स्रोत साधन तथा जनशक्तिको समस्या रहेतापनि विद्युत विकास विभागको भवनमा कार्यालय स्थापना गरी अत्यावश्यक

भौतिक साधनहरुको उपलब्धताले आयोगको कार्यालय स्थापना तथा नियमित कार्य सञ्चालनका लागि विद्युत विकास विभागबाट भएको सहयोग प्रति आभारी भई हार्दिक धन्यबाद दिन चाहन्छौं ।

(ख) **मानव संसाधनको व्यवस्थापनः** आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई कर्मचारीहरु नियुक्त हुनका लागि केही समय लाग्ने हुँदा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मार्फत नेपाल सरकारका केही कर्मचारीहरु काजमा खटिइ कामकाज गर्दै आइरहेका छन् भने विद्युत नियमन आयोग ऐन, २०७४ र विद्युत नियमन आयोग नियमावली, २०७५ ले निर्देशित गरेका कार्यहरु सम्पादन गर्नका लागि आवश्यक थप जनशक्तिका लागि आयोगले विशेषज्ञहरु करारमा नियुक्ति गरी कार्य सम्पादन गर्ने सोच लिएको छ ।

(ग) **आयोगको स्थापना सम्बन्धमा सरोकारवालासंग पहुँच :** आयोग स्थापना भएपछि आयोगले सबै सरोकारवालाहरुसंग बृहत्तरुपमा साक्षात्कार कार्यक्रम राखी आयोगको काम, कर्तब्य, अधिकार सम्बन्धमा जानकारी गराउने योजना रहेतापनि वित्तीय श्रोतको अभावको कारणले आयोगका पदाधिकारीहरुद्वारा वा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, बिद्युत विकास बिभाग, नेपाल बिद्युत प्राधिकरण, स्वत्रन्त्र ऊर्जा उत्पादक संघ, उपभोक्ता हित संरक्षण मंच, राष्ट्रिय सामुदायिक बिद्युत उपभोक्ता महासंघ लगायतका सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग बेग्ला बेग्लै छलफल तथा अन्तरक्रिया सम्पन्न गरियो ।

(घ) **बाझिएका ऐन, नियमहरु :** ऊर्जा क्षेत्रमा विभिन्न निकायहरुले कार्य गर्दै आएको र बिद्युत नियमन आयोग ऐन तथा नियमावलीका केहि प्रावधानहरु ती निकायहरुको कार्यक्षेत्रसंग बाझिएकाले आयोगलाई काम गर्न समस्या उत्पन्न भएको र सेवाग्राहीलाई पनि एउटा कार्यका लागि दुइवटा निकाय धाउनुपर्ने बाध्यता सृजना भएकोले आयोगले सम्बन्धित निकायहरुसंग छलफल अगाडि बढाईएको र आवश्यकता महशुस भएमा केही ऐन नियमका प्रावधानहरु परिवर्तन गर्न आवश्यक कदम चालिनेछ ।

# अनुसूची

१. आयोगको प्रस्तावित सङ्गठन संरचना

२. आयोगको गत आ.ब. को आम्दानी तथा खर्चको विवरण

३. विद्युत नियमन आयोग ऐन, २०७४ तथा विद्युत नियमन आयोग नियमावली २०७५

४. विद्युत सम्बन्धि कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६(मस्यौदा )

५. प्रस्तावित विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६(मस्यौदा )

# अनुसूची –१


विद्युत नियमन आयोग प्रस्तावित संगठन संरचना
सदस्य - १
सदस्य - १
सदस्य - १
सदस्य- १
अध्यक्ष-१
सचिव
लेखापरीक्षक
योजना तथा नियमन विभाग
महासूल तथा आर्थिक विश्लेषण विभाग
प्राविधिक तथा इन्जिनियरिङ्ग विभाग
कानून तथा उपभोक्ता हित संरक्षण विभाग
प्रशासन तथा हित विभाग (प्रशासन)
नोट : हे.स.चा., का.स., पाले, कुचिकार, माली जस्ता पदमा संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यावेद्य २०७३ को बुँदा न. २६.२ अनुसार सेवा करारमा लिने गरी प्रस्ताव गरिएको ।

## अनुसूची –२

# विद्युत नियमन आयोग

आ. ब. २०७५/७६ को आम्दानी र खर्चको विवरण

| ब.शि.नं. | हिसाबको नाम | जम्मा बार्षिक बजेट (नेपाल सरकारबाट प्राप्त रकम) | आसाढ़ मसान्त सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| (क) चालु खर्च | | | | |
| २११११ | तलब | ७००,०००।०० | ६५१,४५६।८० | ४८,५४३।२० |
| २१११९ | अन्य भत्ता | १३०,०००।०० | | १३०,०००।०० |
| २२१११ | पानी तथा विजुली | ५०,०००।०० | १८,६४५।०० | ३१,३५५।०० |
| २२११२ | संचार महसुल | ६०,०००।०० | १९,३३६।०० | ४०,६६४।०० |
| २२२११ | इन्धन | १००,०००।०० | ७३,८२३।०० | २६,१७७।०० |
| २२२१२ | संचालन तथा ममर्त संभार | २००,०००।०० | १९५,४५६।०० | ४,५४४।०० |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | ७४०,०००।०० | ६३७,१०९।०० | १०२,८९१।०० |
| २२४११ | सेवा र परामर्श खर्च | ६००,०००।०० | ४४७,९३२।०० | १५२,०६८।०० |
| २२४१२ | अन्य सेवा शुल्क | ५००,०००।०० | | ५००,०००।०० |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | ५०,०००।०० | ९,८१६।०० | ४०,१८४।०० |
| २२६१२ | भ्रमण खर्च | ५०,०००।०० | | ५०,०००।०० |
| २२७११ | विविध खर्च | ३२०,०००।०० | ४३,९०३।०० | २७६,०९७।०० |
| | **जम्मा** | **३,५००,०००।००** | **२,०९७,४७६।८०** | **१,४०२,५२३।२०** |
| | | | | |
| (ख) पुँजीगत खर्च | | | | |
| **ब.शि.नं.** | **हिसाबको नाम** | **जम्मा बार्षिक बजेट (नेपाल सरकारबाट प्राप्त रकम)** | **आसाढ़ मसान्त सम्मको खर्च** | **बाँकी बजेट** |
| २२४१२ | फर्निचर | १,१९५,०००।०० | १,०२८,६२६।०० | १६६,३७४।०० |
| २२६११ | मेशिनरी औजार | १,२०५,०००।०० | १,००९,७७१।०० | १९५,२२९।०० |
| | **जम्मा** | **२,४००,०००।००** | **२,०३८,३९७।००** | **३६१,६०३।००** |
| | **कूल जम्मा (क+ख)** | **५,९००,०००।००** | **४,१३५,८७३।८०** | **१,७६४,१२६।२०** |

| (ग) आयोगको आफ्नै श्रोत | | | | |
|---|---|---|---|---|
| | | **आम्दानी** | **खर्च** | **बाकी रकम** |
| शेयरको सार्वजनिक निस्काशनका लागि प्राप्त निवेदन शुल्क | | ९००,०००।०० | | ९००,०००।०० |
| | **जम्मा** | ९००,०००।०० | | ९००,०००।०० |

www.lawcommission.gov.np

# विद्युत नियमन आयोग ऐन, २०७४

प्रमाणीकरण तथा प्रकाशित मिति

२०७४/५/१९

संवत् २०७४ सालको ऐन नं. १३

**प्रस्तावना** : विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाई विद्युतको माग र आपूर्तिमा सन्तुलन कायम राख्न, विद्युत महसुल नियमन गर्न, विद्युत उपभोक्ताको हक र हित संरक्षण गर्न, विद्युतको बजारलाई प्रतिस्पर्धात्मक बनाउन तथा विद्युत सेवालाई भरपर्दो, सर्वसुलभ, गुणस्तरयुक्त तथा सुरक्षित बनाउन विद्युत नियमन आयोगको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "विद्युत नियमन आयोग ऐन, २०७४" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्था सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले दफा ३ बमोजिम स्थापना भएको विद्युत नियमन आयोग सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले ऊर्जा मन्त्रालय सम्झनु पर्छ।

(छ) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरे बापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत मूल्य, महसुल, शुल्क तथा अन्य दस्तुर सम्झनु पर्छ।

(ज) "विद्युत" भन्नाले पानी, खनीज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, जैविक पदार्थ वा अन्य कुनै स्रोतबाट उत्पादन हुने विद्युत सम्झनु पर्छ।

(झ) "सचिव" भन्नाले दफा ३२ बमोजिम आयोगको सचिवको रूपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

परिच्छेद-२

## आयोगको स्थापना तथा गठन

३. **आयोगको स्थापना** : (१) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई नियमन गर्ने नियमनकारी निकायको रूपमा विद्युत नियमन आयोगको स्थापना गरिएको छ।

(२) आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार नेपालका अन्य स्थानमा समेत शाखा कार्यालय खोल्न सक्नेछ ।

४. **आयोग स्वशासित र सङ्गठित संस्था हुने** : (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) आयोगको काम कारबाहीको निमित्त यसको एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) आयोगले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकारको प्रयोग र दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **आयोगको गठन** : (१) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरेको वा अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी त्यस्तो विषय सम्बन्धी क्षेत्रमा कम्तीमा बीस वर्ष कार्य अनुभव भएको व्यक्तिमध्ये नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानून वा इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी त्यस्तो विषय सम्बन्धी क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष कार्य अनुभव भएका व्यक्तिमध्ये नेपाल सरकारले नियुक्त गरेका चार जना व्यक्तिहरू - सदस्य

(२) उपदफा (१) बमोजिम अध्यक्ष र सदस्य नियुक्ति गर्दा कम्तीमा एक जना महिला सहित समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(३) अध्यक्ष र सदस्यको नियुक्ति भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

६. **अयोग्यता** : दफा ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा बहाल रहनको लागि योग्य हुने छैन :-

(क) गैरनेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक, व्यवस्थापकीय तह, शेयर धनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको

हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा तीन वर्षको अवधि व्यतित भई नसकेको ।

**स्पष्टीकरण** : यस खण्डको प्रयोजनको लागि "शेयर धनी" भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयरमा स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ।

(च) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कसूरमा सजाय पाई सजाय भुक्तान गरेको मितिले तीन वर्षको अवधि पूरा नभएको ।

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको सङ्गठित संस्था वा अनुमतिपत्र प्राप्त व्यक्तिको बहालवाला कर्मचारी ।

(ज) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको ।

(झ) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको।

७. **अध्यक्ष तथा सदस्यको नियुक्ति** : (१) नेपाल सरकारले देहाय बमोजिमको समितिको सिफारिसमा आयोगको अध्यक्ष तथा सदस्य नियुक्ति गर्नेछ :-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) मन्त्रालयले मनोनित गरेको विद्युत विज्ञ एक जना -सदस्य

(ग) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले अध्यक्ष तथा सदस्य नियुक्ति गर्न उम्मेदवार सिफारिस गर्ने प्रयोजनको लागि ईच्छुक उम्मेदवारलाई आवेदन सहितको व्यक्तिगत विवरण पेश गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले उपदफा (२) बमोजिम आवेदन गर्ने उम्मेदवार मध्येबाट उपयुक्त ठहरिएका व्यक्तिको नाम आवेदन गर्ने म्याद समाप्त भएको एक्काईस दिनभित्र नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा सदस्यको हकमा दफा ५ को खण्ड (ख) बमोजिमका अलगअलग विषयका व्यक्तिको नाम सिफारिस गर्नु पर्नेछ ।

तर अलगअलग विषयका पर्याप्त उम्मेदवार उपलब्ध हुन नसकेमा एउटै विषयका एक जनाभन्दा बढी व्यक्तिलाईसमेत सिफारिस गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकको अध्यक्षता त्यस्तो समितिको संयोजकले गर्नेछ र संयोजक तथा एक जना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) अध्यक्ष तथा सदस्यको लागि उम्मेदवार सिफारिस गर्ने सम्बन्धी आधार, प्रकृया र बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) उपदफा (१) बमोजिमको समितिको संयोजक तथा सदस्यको बैठक भत्ता अर्थ मन्त्रालयले तोके बमोजिम हुनेछ ।

८. **पदावधि** : अध्यक्ष तथा सदस्यको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः एक पदावधिको लागि नियुक्त हुन सक्नेछ।

९. **पदबाट हटाउन सक्ने** : (१) अध्यक्ष वा कुनै सदस्यमा कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा दफा ६ बमोजिम निज अयोग्य भएको वा यस ऐन बमोजिम निजले पदीय दायित्व पूरा नगरेको देखिएमा नेपाल सरकारले त्यस्तो विषयमा छानबिन गर्न एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले आरोप लागेको अध्यक्ष वा सदस्यको सम्बन्धमा छानबिन गरी आफ्नो रायसहितको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छानबिन समितिले उपदफा (२) बमोजिम छानबिन गर्दा आरोप लागेको अध्यक्ष वा सदस्यलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनेछ ।

(४) उपदफा (१) बमोजिमको छानबिन समितिले अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सिफारिस गरेमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनेछ ।

(५) यस दफा बमोजिम छानबिनको कारबाही प्रारम्भ भएपछि त्यस्तो छानबिनको विषयमा टुङ्गो नलागेसम्म त्यस्तो अध्यक्ष वा सदस्यले आफ्नो पदको काम गर्न पाउने छैन ।

(६) उपदफा (१) बमोजिमको छानबिन समितिका अध्यक्ष वा सदस्यको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

१०. **पद रिक्त भएको मानिने** : देहायको कुनै अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) निजले नेपाल सरकार समक्ष आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजमा दफा ५ बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) दफा ८ बमोजिम निजको पदावधि समाप्त भएमा,

(घ) दफा ९ बमोजिम निजलाई नेपाल सरकारले पदबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा ।

११. **आयोगको बैठक** : (१) आयोगको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ।

(२) आयोगको बैठक अध्यक्षले र अध्यक्षको पद रिक्त भएको अवस्थामा वरिष्ठ सदस्यले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर कम्तीमा दुई जना सदस्यले आयोगको बैठक बोलाउन लिखित रूपमा अनुरोध गरेमा अध्यक्षले र निजको अनुपस्थितिमा वरिष्ठ सदस्यले सात दिनभित्र आयोगको बैठक बोलाउनु पर्नेछ ।

(३) आयोगको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयसहितको सूची सचिवले सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपस्थितमध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "वरिष्ठ सदस्य" भन्नाले नियुक्तिको क्रममा अगाडि रहेको सदस्य सम्झनु पर्छ।

(५) आयोगको बैठकमा तीन जना सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) आयोगले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(८) आयोगको निर्णय अभिलेख गर्ने प्रयोजनका लागि छुट्टै पुस्तिकाको व्यवस्था गरी प्रत्येक निर्णय त्यस्तो पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो पुस्तिकामा बैठकमा उपस्थित सम्पूर्ण सदस्यले दस्तखत गर्नु पर्नेछ ।

(९) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद-३

## आयोगको काम, कर्तव्य र अधिकार

१२. **प्राविधिक व्यवस्थापन गर्ने** : विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धमा नियमन गर्न आयोगले प्राविधिक व्यवस्थापनको लागि देहायका कार्यहरू गर्नेछ :-

(क) विद्युत सेवा सम्बन्धी ग्रिड संहिता र वितरण संहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने ।

(ख) विद्युत सेवाको सञ्चालन तथा मर्मत सम्भारको स्तर तथा कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने ।

(ग) राष्ट्रिय विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न आवश्यक मापदण्ड बनाई लागू गर्ने ।

(घ) विद्युत प्रणाली सञ्चालकको दायित्व निर्धारण गरी कार्यान्वयनको अनुगमन गर्ने ।

(ङ) विद्युत सेवा बन्द गर्न सक्ने अवस्था, त्यसको आधार र प्राथमिकता निर्धारण गर्ने ।

(च) विद्युत सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि न्यूनतम लागत विस्तार कार्य योजना बनाई कार्यान्वयन गर्ने वा गर्न लगाउने ।

१३. **महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने** : (१) आयोगले महसुल निर्धारण गर्ने तथा विद्युत खरिद बिक्रीको नियमन गर्ने सम्बन्धमा देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) सञ्चालन खर्च, ह्रासकट्टी दर, सावाँ व्याजको भुक्तानी, मर्मत सम्भार खर्च, विद्युत संरचनाको निर्माण, पुनर्निर्माण, पुनर्स्थापना तथा शेयर लगानी बापत वार्षिक रूपमा प्राप्त हुने प्रतिफल लगायत विद्युत खरिद सम्झौता समेतलाई विचार गरी विद्युत महसुल दर निर्धारणका शर्त तथा आधार निर्धारण गरी त्यसको आधारमा उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्ने ।

(ख) विद्युत खरिद बिक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्थाबीच हुने विद्युत खरिद बिक्री दर र प्रक्रिया निर्धारण गर्ने ।

(ग) उत्पादित विद्युत खरिद बिक्री गर्न अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच विद्युत खरिद सम्झौता गर्न सहमति दिने ।

(घ) विद्युत मूल्यको लागत न्यूनतम बनाउन आवश्यक उपायको पहिचान गरी लागू गराउने ।

(ङ) प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) निर्धारण गर्ने ।

(च) विशेष परिस्थितिमा विद्युत सेवासँग सम्बन्धित विषयमा निश्चित समयको लागि विद्युत महसुलमा अतिरिक्त महसुल (सरचार्ज) निर्धारण गर्ने ।

(२) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण सम्पूर्ण कागजात प्राप्त भएको मितिले साठी दिनभित्र गरिसक्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम महसुल निर्धारण गरेपछि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम महसुल निर्धारण भएको मितिले एक वर्षभित्र पुनः विद्युत महसुल निर्धारण गरिने छैन ।

१४. **प्रतिस्पर्धा कायम गर्ने तथा उपभोक्ताको हित संरक्षण गर्ने** : आयोगले विद्युत बजारमा प्रतिस्पर्धा कायम गर्न तथा उपभोक्ताको हित संरक्षण गर्न देहायका कार्य गर्नेछ :-

(क) उपभोक्ताको हित संरक्षणको लागि आवश्यक उपाय पहिचान गरी कार्यान्वयन गर्ने वा गराउने ।

(ख) विद्युत खरिद बिक्रीको दरमा प्रतिस्पर्धाको वातावरण कायम गराउने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच विद्युत महसुल दरमा प्रतिस्पर्धा गराउन आवश्यक उपायको पहिचान गरी लागू गराउने ।

(घ) विद्युत महसुल दरमा एकाधिकार (सिण्डिकेट) हुन नपाउने व्यवस्था गर्ने ।

(ङ) विद्युतको थोक बजार स्थापना, सञ्चालन तथा खरिद बिक्री प्रक्रिया निर्धारण गर्ने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन (मर्जर), आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक कम्पनीसँग मिली त्यस्तो व्यक्ति रहेको कम्पनीको पचास प्रतिशत वा त्यसभन्दा बढी शेयर खरिद गर्न, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्नको लागि आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने वा गराउने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट) तथा प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिने ।

(ज) विद्युतको व्यापार गर्दा पालना गर्नुपर्ने शर्तहरू तोक्ने तथा त्यसको नियमित रूपमा अनुगमन गर्ने ।

(झ) प्रसारण लाईनमा बहिरहेको विद्युतको गुणस्तर कायम गराउन समय समयमा जाँच परीक्षण गर्ने वा गराउने ।

(ञ) विद्युतीय प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने ।

१५. **सङ्गठनात्मक क्षमता अभिवृद्धि गर्ने** : आयोगले अनुमतिपत्र प्राप्त व्यक्तिको सङ्गठनात्मक क्षमता अभिवृद्धि गरी संस्थागत सुशासन कायम गराउन देहाय बमोजिमको कार्य गर्नेछ :-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिको कार्यक्षमता मूल्याङ्कनको स्तर तथा आधार निर्धारण गर्ने ।

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीलाई मर्यादित बनाउन आचारसंहिता तयार गरी लागू गर्ने ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिलाई विद्युतको बजार प्रबर्द्धन, विस्तार तथा विविधीकरण गर्न उत्प्रेरित गर्ने ।

(घ) अनुमतिपत्र प्राप्त व्यक्तिको आन्तरिक नियन्त्रण, लेखा प्रणाली, लेखापरीक्षण विधिमा एकरूपता कायम गर्न मापदण्ड बनाई लागू गर्ने ।

(ङ) अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाको सञ्चालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीले त्यस्तो संस्थालाई जानकारी गराउनु पर्ने विषय निर्धारण गरी त्यसलाई पालना गर्न लगाउने ।

(च) अनुमतिपत्र प्राप्त व्यक्तिको लेखा प्रणालीको आवश्यकता अनुसार आकस्मिक जाँच गर्ने ।

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिको काम कारबाहीमा सुशासन कायम गराउन आवश्यक निर्देशन दिने तथा मापदण्ड जारी गर्ने।

१६. **नीतिगत सुझाव दिने तथा सिफारिस गर्ने** : विद्युतको उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी व्यवस्थालाई भरपर्दो र प्रभावकारी बनाउन गर्नु पर्ने नीतिगत सुधारका सम्बन्धमा आयोगले नेपाल सरकारलाई आवश्यक सल्लाह र सुझाव दिनेछ।

१७. **जाँचबुझ तथा निरीक्षण गर्ने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानून वा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका शर्त बमोजिम कार्य गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ तथा निरीक्षण गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिसँग लेखा, अभिलेख, विवरण आदि माग गर्न वा स्थलगत रूपमा जाँचबुझ तथा निरीक्षण गर्न सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जाँचबुझ तथा निरीक्षण गर्ने पदाधिकारी वा कर्मचारीले त्यसको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको आधारमा आयोगले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश तथा निर्देशन अनुमति पत्र प्राप्त व्यक्तिले पालना नगरेमा आयोगले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई दफा १९ को उपदफा (१) बमोजिम जरिबाना गर्न सक्नेछ ।

१८. **विवाद समाधान गर्ने** : (१) देहायको विषयमा उत्पन्न विवाद समाधान गर्ने अधिकार आयोगलाई हुनेछ :-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिहरूबीच उत्पन्न विद्युत सम्बन्धी विवाद,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको कुनै निर्णयमा चित्त नबुझेको वा निजले गरेको कार्यबाट आफूलाई मर्का परेको कुरा उल्लेख गरी त्यस बापतको क्षतिपूर्तिको दाबी गरेको विषय ।

(२) उपदफा (१) बमोजिमको विवाद वा विषयका सम्बन्धमा अनुमति प्राप्त व्यक्ति वा उपभोक्ताले आयोग समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजूरी परेमा आयोगले नब्बे दिनभित्र सुनुवाई गरी निर्णय गर्नु पर्नेछ ।

(३) आयोग समक्ष परेको उजूरीको कारबाही र किनारा गर्दा आयोगलाई प्रचलित कानून बमोजिम अदालतलाई भए सरह देहाय बमोजिमको कार्य गर्ने अधिकार हुनेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय वा सार्वजनिक संस्थामा रहेको कुनै लिखत कागजात पेश गर्न आदेश दिने,

(घ) स्थलगत निरीक्षण गर्ने, गराउने तथा दसी प्रमाण पेश गर्न आदेश दिने ।

(४) उपदफा (२) बमोजिम आयोगले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र उच्च अदालत, पाटनमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी विषयमा अनुमति प्राप्त व्यक्तिहरूबीच भएको सम्झौतामा विवाद समाधानको छुट्टै व्यवस्था गरिएको रहेछ भने त्यस्तो विवादको समाधान सोही सम्झौता बमोजिम हुनेछ ।

१९. **जरिबाना गर्न सक्ने** : (१) आयोगले दफा १७ को उपदफा (३) वा दफा ३७ बमोजिमको आदेश वा निर्देशन, दफा १८ को उपदफा (२) बमोजिमको निर्णय वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको कुनै विषय पालना नगर्ने वा पूर्व सूचना नदिई विद्युत सेवा अवरुद्ध गर्ने वा गराउने अनुमतिपत्र प्राप्त व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जरिबाना गरिएको रकम नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरिनेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको जरिबाना बापत बुझाएको रकम महसुल निर्धारण गर्ने प्रयोजनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिको खर्च वा लगानीको रूपमा समावेश गर्न पाइने छैन ।

(४) उपदफा (१) बमोजिम आयोगले गरेको जरिबाना उपर चित्त नबुझ्ने अनुमतिपत्र प्राप्त व्यक्तिले यस्तो जरिबाना भएको मितिले पैंतीस दिनभित्र उच्च अदालत, पाटनमा पुनरावेदन गर्न सक्नेछ।

२०. **सेवा शुल्क लिन सक्ने** : आयोगले देहायका विषयमा अनुमति पत्र प्राप्त व्यक्तिबाट तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ :-

(क) ग्रिड र वितरण संहिता स्वीकृत गर्दा,

(ख) विद्युतको थोक खरिद बिक्री दर निर्धारण गर्दा,

(ग) विद्युत खरिद सम्झौतामा सहमति दिँदा,

(घ) प्रसारण तथा वितरण दस्तुर (व्हिलिङ चार्ज) लगायतका अन्य महसुल वा दस्तुर निर्धारण गर्दा,

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्ने सहमति दिँदा,

(च) दफा १८ बमोजिम विवाद समाधान गर्दा,

तर गार्हस्थ उपभोक्ताले उजुरी दिँदा कुनै शुल्क बुझाउन पर्ने छैन ।

(छ) आयोगले तोकेको अन्य विषयमा ।

२१. **सार्वजनिक सुनुवाई गर्नु पर्ने** : (१) आयोगले दफा १३ बमोजिम महसुल निर्धारण गर्नुपूर्व तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित अन्य विषयमा समेत आवश्यकता अनुसार सार्वजनिक सुनुवाईको व्यवस्था गर्न सक्नेछ ।

(३) आयोगले उपदफा (१) वा (२) बमोजिम गरेको सार्वजनिक सुनुवाईको अभिलेख राख्नु पर्नेछ ।

२२. **पुनरावलोकन सम्बन्धी व्यवस्था** : (१) कुनै व्यक्ति वा संस्थाले आयोगको निर्णय पुनरावलोकन हुनुपर्ने ठानेमा त्यस्तो निर्णयको जानकारी भएको मितिले पन्ध्र दिनभित्र पुनरावलोकनको लागि आवश्यक कागजातसहित आयोगमा निवेदन दिन सक्नेछ।

तर आयोगले दफा १९ बमोजिम जरिबाना गर्ने गरी गरेको निर्णयको हकमा यो व्यवस्था लागू हुने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा आयोगले पन्ध्र दिनभित्र साविकको निर्णय कायम राख्ने वा संशोधन गर्ने निर्णय गरिसक्नु पर्नेछ ।

(३) आयोगले उपदफा (२) बमोजिम साविकको निर्णय संशोधन गर्ने निर्णय गरेमा साविकको निर्णय कार्यान्वयन नगर्न आदेश दिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले गलत कागजात पेश गरेको वा कुनै कागजात लुकाएको जानकारी कुनै स्रोतबाट प्राप्त हुन आएमा वा थप कागजात प्राप्त हुन आएमा आयोगले त्यस्तो विषयमा पुनः निर्णय गर्न सक्नेछ ।

## परिच्छेद-४

## अध्यक्ष र सदस्यको काम, कर्तव्य, अधिकार तथा सुविधा

२३. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ख) आयोगको काम कारबाहीमा नियमन, अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गरी सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिने,

(ग) आयोगको बैठकलाई व्यवस्थित गर्ने,

(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२४. **सदस्यको काम, कर्तव्य र अधिकार** : (१) सदस्य आयोगको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) सदस्यले आयोग र आयोगको अध्यक्षले तोके बमोजिमका काम, कर्तव्य र अधिकारको पालना र प्रयोग गर्नेछ ।

२५. **अध्यक्ष तथा सदस्यको सेवा, शर्त तथा सुविधा** : (१) अध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्ष र सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था नभएसम्म अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) अध्यक्ष वा सदस्यले आयोगमा कार्यरत रहँदा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्बन्धित विषयमा कुनै निर्णय गरेको भएमा निज आयोगबाट सेवा निवृत्त भएको मितिले एक वर्षसम्म त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिसँग कुनै पनि रूपमा संलग्न हुन पाउने छैन।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "संलग्न" भन्नाले अनुमति पत्र प्राप्त व्यक्तिको सञ्चालक, कर्मचारी, विशेषज्ञ वा परामर्शदातृको रूपमा स्थायी, अस्थायी, करार तथा सम्झौतामा कार्य गर्ने अवस्था सम्झनु पर्छ।

२६. **शपथ लिनु पर्ने** : आफ्नो कार्यभार सम्हाल्नुअघि अध्यक्षले ऊर्जा मन्त्री समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

२७. **जानकारी गराउनु पर्ने** : (१) अध्यक्ष तथा सदस्यले आफू नियुक्त भएको तीस दिनभित्र देहायको विषयको लिखित जानकारी आयोगलाई गराउनु पर्नेछ :-

(क) आफू अध्यक्ष वा सदस्य पदमा नियुक्त हुनुभन्दा अगाडि संलग्न रहेको पेशा, रोजगारी वा व्यवसाय र त्यसको कार्यालयको विवरण,

(ख) आफू वा आफ्नो परिवारको कुनै सदस्य कुनै अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरधनी भए वा नभएको र शेयरधनी भए लिएको शेयर सङ्ख्याको विवरण तथा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिसँग कुनै किसिमको वित्तीय स्वार्थ रहे वा नरहेको,

(ग) आफू वा आफ्नो परिवारको कुनै सदस्य पछिल्लो तीन वर्षभित्र कुनै अनुमतिपत्र प्राप्त व्यक्तिको सञ्चालक, पदाधिकारी, सल्लाहकार, कर्मचारी वा लेखा परीक्षक भए वा नभएको,

(घ) आयोगलाई यस दफा बमोजिम जानकारी गराउँदाका बखत कुनै अनुमति पत्र प्राप्त व्यक्तिसँग निजको स्वार्थ देखिन सक्ने कुनै सम्भावित अवस्था भए त्यसको विवरण ।

(२) उपदफा (१) बमोजिम जानकारी गराएको विषयको एक प्रति विवरण आयोगले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यसको अभिलेख राख्नेछ ।

२८. **नियमनकारी अवसर (रेगुलेटरी अपरच्यूनिटी) को दुरूपयोग गर्न नहुने** : (१) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारी, लेखा परीक्षक, सल्लाहकार, प्रतिनिधि वा आयोगसँग करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा आयोगको तर्फबाट कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना कानून बमोजिम उपलब्ध गराउनुपर्ने अवस्थामा बाहेक अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा त्यसको स्रोत खोल्न हुँदैन।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीले पदीय हैसियतमा कार्य सम्पादन गर्दा निजको जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको परिवारको कुनै सदस्यको लाभ, सुविधा, सहुलियत वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(३) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारी, लेखा परीक्षक, सल्लाहकार, प्रतिनिधि वा आयोगसँग करार गरी काम गर्ने व्यक्ति, फर्म वा कम्पनीका कुनै पनि व्यक्तिले आफ्नो पदीय हैसियतमा वा आयोगको तर्फबाट कुनै काम गर्दा आफू, आफ्नो परिवार वा अरू कसैलाई कुनै किसिमको लाभ, सुविधा, सहुलियत वा फाइदा लिन दिन हुँदैन ।

(४) कसैले उपदफा (१), (२) वा (३) को प्रतिकूल हुने गरी कुनै काम गरेमा निजले पदीय दायित्व अनुरूप काम नगरेको मानी प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२९. **स्वार्थ बाझिएमा निर्णय गर्नमा बन्देज** : (१) अध्यक्ष, सदस्य वा निजको परिवारको कुनै सदस्यको वित्तीय स्वार्थ, निजी स्वार्थ वा व्यावसायिक स्वार्थ भएको कुनै पनि प्रस्ताव आयोगको बैठकमा

छलफल हुने भएमा त्यस्तो सदस्यले बैठक शुरु हुनुभन्दा अगावै त्यस्तो स्वार्थ बाझिन सक्ने कुराको जानकारी आयोगलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विषयमा छलफल हुने आयोगको बैठकमा त्यस्तो सदस्यले भाग लिने छैन ।

(३) उपदफा (१) वा (२) को प्रतिकूल कुनै निर्णय भएमा सो निर्णय त्यस्तो स्वार्थ रहेको व्यक्तिको हकमा लागू हुने छैन ।

३०. **पेशागत आचरण पालना गर्नु पर्ने** : (१) अध्यक्ष, सदस्य वा आयोगका कर्मचारी वा सल्लाहकारले आफ्नो पदमा बहाल रहँदाका बखत वा पदबाट अवकाश भएपछि तोकिए बमोजिमको पेशागत आचरण पालना गर्नु पर्नेछ।

(२) अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारी वा सल्लाहकारले आयोगमा त्यस्तो हैसियतले कार्य सम्पादन गर्दा सदैव आयोगको हितलाई सर्वोपरी राख्नु पर्नेछ ।

परिच्छेद-५

## आयोगका कर्मचारी

३१. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) आयोगको कार्य सञ्चालनको लागि आयोगमा नेपाल सरकारले स्वीकृत गरेको सङ्ख्यामा कर्मचारीहरू रहनेछन्।

(२) आयोगले विनियमावलीमा भएको व्यवस्था बमोजिम कर्मचारी नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले आफ्नो कार्य सम्पादन गर्नको लागि आवश्यक विशेषज्ञ कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगमा कर्मचारी नियुक्ति नभएसम्मको लागि मन्त्रालयले नेपाल सरकारका कुनै कर्मचारीलाई आयोगमा काम गर्नको लागि अवधि तोकी काजमा खटाउन सक्नेछ।

३२. **आयोगको सचिव** : आयोगको बरिष्ठ कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।

परिच्छेद-६

## कोष तथा लेखा परीक्षण

३३. **कोष** : (१) आयोगको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) विद्युत वितरण अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत बिक्रीबाट भएको वार्षिक कुल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(ङ) विद्युत व्यापार गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत व्यापारबाट गरेको वार्षिक कूल आयको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(च) राष्ट्रिय ग्रिड प्रयोग गरी विद्युत निकासी गर्ने अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको व्हिलीङ्ग दस्तुरको एक प्रतिशतमा नबढाई आयोगले तोके बमोजिम प्राप्त रकम,

(छ) दफा २० बमोजिम प्राप्त सेवा शुल्क,

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुअघि आयोगले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिमको कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' श्रेणीको कुनै बाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नेछ ।

(४) आयोगको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) कोषमा भएको रकमबाट आयोगको कार्य सञ्चालनका लागि नपुग भएमा सोको लागि अर्थ मन्त्रालयले आवश्यक रकम उपलब्ध गराउनेछ ।

(६) कोषमा तोकिए बमोजिमभन्दा बढी रकम जम्मा भएमा आयोगले त्यस्तो बढी रकम नेपाल सरकारको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(७) उपदफा (१) बमोजिमको कोषको खाताको सञ्चालन आयोगले तोके बमोजिम हुनेछ ।

३४. **लेखा र लेखापरीक्षण** : (१) आयोगको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम राख्नु पर्नेछ र आफ्नो आय व्ययको लेखापरीक्षण गराउनु पर्नेछ ।

(३) आयोगको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा आयोगको आय व्ययको लेखा र तत्सम्बन्धी हिसाब किताब जुनसुकै बखत जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ ।

परिच्छेद-७

## विविध

३५. **सहयोग गर्नु पर्ने** : आयोगको काम कारबाही तथा निर्णय कार्यान्वयन गर्न सम्बन्धित सबैले आवश्यक सहयोग गर्नु पर्नेछ।

३६. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने** : (१) आयोगले यस ऐन बमोजिम गर्नु पर्ने कुनै कामको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्तो उपसमिति वा कार्यटोलीका सदस्यले पाउने सुविधा आयोगले तोकिदिए बमोजिम हुनेछ ।

३७. **निर्देशन दिन सक्ने** : यस ऐन बमोजिमका कार्यहरू कार्यान्वयन गर्न आयोगले आवश्यकता अनुसार अनुमति पत्र प्राप्त व्यक्तिलाई निर्देशन दिनेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित अनुमति पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

३८. **वार्षिक प्रतिवेदन** : (१) आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आयोगले वर्षभरिमा सञ्चालन गरेको कार्यक्रम, प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिम पेश गरिएको प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखा परीक्षणको प्रतिवेदनसहित आफूले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(५) आयोगले उपदफा (४) बमोजिम पेश भएको वार्षिक प्रतिवेदनको अध्ययन गरी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम पेश भएको वार्षिक प्रतिवेदनको सारांश अनुमतिपत्र प्राप्त व्यक्तिले सार्वजनिक गर्नु पर्नेछ ।

३९. **अधिकार प्रत्यायोजन** : आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये महसुल निर्धारण गर्ने, अनुमतिपत्र प्राप्त व्यक्तिहरू आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिशन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिने तथा विवाद समाधान गर्ने अधिकार बाहेकका अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, सचिव, दफा ३६ बमोजिम गठित उपसमिति वा कार्यटोली वा आयोगको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४०. **नेपाल सरकारसँग सम्पर्क** : आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४१. **नियम बनाउने अधिकार** : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४२. **विनियम बनाउन सक्ने** : (१) आयोगले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही देहायका विषयमा विनियम बनाई लागू गर्न सक्नेछ :-

(क) कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धमा,

(ख) विवाद समाधानको लागि दिइने उजुरी तथा त्यस्तो उजुरी कारबाही र किनारा गर्ने कार्यविधि सम्बन्धमा,

(ग) आयोगको आन्तरिक कार्य सञ्चालन सम्बन्धी अन्य आवश्यक विषयमा ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवा शर्त तथा सुविधा र नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा विनियम बनाउँदा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४३. **निर्देशिका, मापदण्ड वा संहिता बनाई लागू गर्न सक्ने** : आयोगले आफ्नो काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका विषयमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत नहुने गरी निर्देशिका, मापदण्ड वा संहिता (कोड) बनाई लागू गर्न सक्नेछ।

४४. **संशोधन, खारेजी र बचाउ** : विद्युत ऐन, २०४९ को :

(१) दफा १६ मा रहेका "दफा १७ बमोजिम" भन्ने शब्दहरूको सट्टा "विद्युत नियमन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा १७ र १८ खारेज गरिएका छन् ।

(३) दफा १७ र १८ बमोजिम निर्धारण भएको विद्युत महसुल यसै ऐन बमोजिम निर्धारण भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

## अनुसूची

(दफा २६ सँग सम्बन्धित)

## शपथ

म ..... ईश्वरलाई साक्षी राखी/सत्य निष्ठा पूर्वक शपथ लिन्छु कि विद्युत नियमन आयोगको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमानदारीसाथ पालना गर्नेछु। आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू पदमा बहाल रहे वा नरहे पनि कुनै पनि अवस्थामा प्रकट गर्ने छैन।

मिति : .....  हस्ताक्षर.....

नेपाल कानून आयोग

अनुसूची -४

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, भदौ ११ गते, २०७५ साल (संख्या २३

## भाग ३

**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको**

**सूचना**

**विद्युत नियमन आयोग नियमावली, २०७५**

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "विद्युत नियमन आयोग नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्झनु पर्छ ।

(ग) "राष्ट्रिय विद्युत प्रसारण प्रणाली" भन्नाले राष्ट्रिय रुपमा विद्युत प्रसारणको लागि आबद्ध हुने विभिन्न भोल्टेज क्षमताका प्रसारण लाइन समावेश गरी नेपाल सरकारले समय समयमा तोकेका विद्युत प्रसारण लाइन सम्झनु पर्छ र सो शब्दले प्रसारण लाइनसँग सम्बद्ध सबस्टेशन तथा स्वीचिङ्ग स्टेशनलाई समेत जनाउँछ ।

(घ) "सिफारिस समिति" भन्नाले ऐनको दफा ७ को उपदफा (१) बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

## परिच्छेद -२
## अध्यक्ष तथा सदस्यको नियुक्ति

३. **अध्यक्ष वा सदस्यको लागि आवेदन दिनेः** (१) अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि इच्छुक उम्मेदवारले ऐनको दफा ७ को





उपदफा (२) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र व्यावसायिक कार्ययोजना सहित अनुसूची-१ को ढाँचामा सिफारिस समिति समक्ष आवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आवेदन दिने उम्मेदवारले आफू सो पदको लागि अयोग्य नरहेको अनुसूची-२ बमोजिमको स्वघोषणासमेत संलग्न गर्नु पर्नेछ ।

४. **नियुक्तिको लागि सिफारिस गर्ने** : नियम ३ को उपनियम (१) बमोजिम आवेदन दिने उम्मेदवारहरुले पेश गरेको कार्ययोजना, निजहरुको अन्तर्वार्ता, शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रको अनुभव समेतका आधारमा सिफारिस समितिले मूल्याङ्कन गरी उपयुक्त उम्मेदवारको नाम ऐनको दफा ७ को उपदफा (३) बमोजिम नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

५. **अभिलेख राख्नु पर्ने** : सिफारिस समितिले नियम ४ बमोजिम उम्मेदवारको नाम सिफारिस गरेपछि अध्यक्ष र सदस्यको नियुक्तिका लागि पेश भएका आवेदन, व्यक्तिगत विवरण, स्वघोषणा, सिफारिस समितिले गरेको मूल्याङ्कन सम्बन्धी कागजात तथा विवरण मन्त्रालयमा बुझाउनु पर्नेछ र मन्त्रालयले त्यसरी प्राप्त भएका कागजात तथा विवरण अभिलेख गरी राख्नु पर्नेछ ।

## परिच्छेद-३
## संहिता तथा मापदण्ड

६. **ग्रीड संहिता र वितरण संहिता** : (१) आयोगले ऐनको दफा १२ को खण्ड (क) बमोजिम विद्युत सेवा सम्बन्धी ग्रीड संहिता र वितरण संहिता बनाउँदा अन्तरदेशीय वितरण प्रणालीमा आबद्ध ग्रीड र अन्तर्राष्ट्रियस्तरको ग्रीडसँग तादात्म्यता हुने गरी बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले ग्रीड संहिता र वितरण संहिता बनाउँदा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसँग परामर्श गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम आयोगले बनाएका ग्रीड संहिता र वितरण संहिताको कार्यान्वयनको विषयमा आयोगले सरोकारवालाहरु समेत रहेको अनुगमन समिति गठन गरी अनुगमन गर्न वा गराउन सक्नेछ ।

७. **मापदण्ड बनाउने** : (१) आयोगले अनुमति प्राप्त व्यक्तिले पालना गर्नु पर्ने कार्यसम्पादन,राष्ट्रिय विद्युत प्रसारण प्रणालीको गुणस्तर तथा सुरक्षास्तर र विद्युत प्रणाली सञ्चालकको दायित्व निर्धारण सम्बन्धमा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मापदण्ड बनाउँदा आयोगले सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसँग परामर्श गर्न सक्नेछ ।

## परिच्छेद-४

## महसुल तथा दस्तुर

८. **विद्युत महसुल निर्धारणको लागि निवेदन दिने**: (१) वितरण अनुमति प्राप्त व्यक्तिलें उपभोक्तालाई विद्युत वितरण गर्नु अघि महसुल निर्धारण गर्न ऐनको दफा १३ को उपदफा (१) को खण्ड (क) का आधारहरु खुलाई आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन सम्बन्धमा जाँचबुझ गर्दाआयोगले आवश्यक ठानेमा वितरण अनुमति प्राप्त व्यक्तिसँग थप विवरण तथा कागजात माग गर्न सक्नेछ र यसरी माग गरेको विवरण तथा कागजात उपलब्ध गराउनु वितरण अनुमति पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिम परेको निवेदन तथा उपनियम (२) बमोजिमका विवरण तथा कागजात समेतका आधारमा आयोगले ऐनको दफा १३ को उपदफा (१) को खण्ड (क) बमोजिम उपभोक्ताले बुझाउनु पर्ने महसुल निर्धारण गर्नेछ ।

(४) उपनियम (१) बमोजिम दिइने निवेदनको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।





(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि वितरण अनुमति पत्र प्राप्त व्यक्तिको दरखास्त नपरेकै कारणले आयोगले विद्युत महसुल निर्धारण गर्न बाधा पर्ने छैन ।

९. **विद्युत महसुल निर्धारण गर्ने आधार** : (१) नियम ८ बमोजिम उपभोक्ताले बुझाउनु पर्ने विद्युतको महसुल निर्धारण गर्दा आयोगले देहायका आधारमा निर्धारण गर्नेछ :-

(क) विद्युत प्रणाली वा उत्पादन संयन्त्रको सञ्चालन खर्च,

(ख) ह्रासकट्टी दर,

(ग) साँवा ब्याजको भुक्तानी,

(घ) मर्मत सम्भार खर्च,

(ङ) विद्युत संरचनाको निर्माण र सञ्चालन तरिका,

(च) पुनर्निर्माण र पुनर्स्थापना तथा शेयर लगानी वापत वार्षिक रुपमा प्राप्त हुने प्रतिफल,

(छ) विद्युत खरिद सम्झौता,

(ज) उपभोक्ता मूल्यसूचीमा हुने परिवर्तन,

(झ) राजश्व दर र सोमा हुने परिवर्तन,

(ञ) विद्युत विकासको सम्बन्धमा नेपाल सरकारले अपनाएको नीति,

(ट) आयोगले उपयुक्त ठहऱ्याएका अन्य आधार ।

(२) यस नियम बमोजिम विद्युत महसुल निर्धारण गर्दा आयोगले विद्युत उत्पादनको सीमान्त लागत (मार्जिनल कष्ट), विदेशी मुद्राको विनिमय दर, विद्युत उत्पादनको लागि प्रयोग हुने इन्धन मूल्य तथा अनुमति प्राप्त व्यक्ति र सम्बन्धित विद्युत

आयोजनामा ऋण प्रदान गर्ने वा पूँजी लगानी गर्ने वित्तीय संस्थाबीच भएको वित्तीय सम्झौता समेतलाई आधार लिनेछ ।

तर नेपाल सरकार आफैंले वा नेपाल सरकारको पचास प्रतिशतभन्दा बढी शेयर पूँजी लगानी भएको सङ्गठित संस्थाले लिने विद्युत महसुल तथा अन्य दस्तुर निर्धारण गर्दा आयोगले नेपाल सरकार वा त्यस्तो सङ्गठित संस्थाले सम्बन्धित विद्युत आयोजनाको लागि वित्तीय संस्थासँग गरेको सम्झौताको पालना हुने गरी निर्धारण गर्नेछ ।

(३) विद्युत महसुल निर्धारण गर्ने सम्बन्धमा आयोगले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

१०. **विद्युत खरिद बिक्री दर निर्धारण** : (१) ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ख) बमोजिम वितरण अनुमति प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्थाबीच हुने विद्युत खरिद बिक्री दर निर्धारण गर्ने प्रयोजनको लागि आयोगले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) आयोगले विद्युत खरिद बिक्री दर निर्धारण गर्दा आयोजनामा भएको ऋण लगानीको खर्च समेटिएको क्षमता शुल्क (क्यापासिटी चार्ज) र स्वलगानी (इक्वीटी), प्रतिफल, कर तथा रोयल्टी, सञ्चालन तथा मर्मत खर्च समेत समेटिएको ऊर्जा शुल्क (इनर्जी चार्ज) गरी दुई भागीय विद्युत दरको प्रणाली समेत प्रयोगमा ल्याउन सक्नेछ ।

(३) आयोगले विद्युत खरिद दर निर्धारण गर्दा विद्युत उत्पादकले आफ्नो उत्पादनको पूर्ण क्षमतामा विद्युत उत्पादन गर्ने अवस्था कायम राखी उत्तरदायी बनाउन उपलब्धतामा आधारित (एभाइलेबिलिटी बेस्ड) क्षमता शुल्क प्रणाली अपनाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम क्षमता शुल्क प्रणाली प्रयोगमा ल्याउँदा आयोगले तोकेको मापदण्ड अनुसार शतप्रतिशत उपलब्धता हासिल भएको अवस्थामा उत्पादन अनुमतिपत्र प्राप्त





व्यक्तिले क्षमता शुल्क पुरै पाउने र कम उपलब्धता हासिल भएमा सोही अनुपातमा क्षमता शुल्क कम पाउने व्यवस्था गर्नेछ ।

(५) उपनियम (३) बमोजिम क्षमता शुल्क प्रणाली लागू गर्दा ऋण नरहेको वा ऋण भुक्तानी भई सकेको आयोजनाको हकमा क्षमता शुल्क निर्धारण गरिने छैन ।

(६) यस नियम बमोजिम विद्युत खरिद दर निर्धारण गर्दा ऋणको ब्याज, ह्रासकट्टी वा अग्रीम ह्रासकट्टी, लगानी प्रतिफल, साधारण खर्च, सञ्चालन खर्च, मर्मत सम्भार खर्च, कार्य सञ्चालन खर्च, राजश्व, कर, अतिरिक्त पूँजीकरण, ऋण तथा स्वलगानी अनुपात जस्ता विषयहरुलाई आधार लिईनेछ ।

११. **आपसी समझदारीबाट दर तय गर्न सक्ने** : (१) उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति र विद्युत खपत गर्ने उद्योग वा संस्थाबीच विद्युत खरिद बिक्री गर्ने गरी सम्झौता भएकोमा उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति र त्यस्तो उद्योग वा संस्थाले आयोगको सहमति लिई आपसी समझदारीमा विद्युतको खरिद बिक्री दर तोक्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम विद्युतको खरिद बिक्री दर तोक्दा त्यस्तै खालका अन्य उद्योग वा संस्थासँग हुने विद्युत खरिद दरबीच एकरुपता हुने गरी गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विद्युत खरिद बिक्री दर तोक्दा उपभोक्तालाई प्रतिकूल असर पर्ने गरी आपसी मिलेमतोमा तय गर्नु हुँदैन ।

१२. **सम्झौताको शर्त पेश गर्नु पर्ने** : ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिम विद्युत खरिद बिक्रीको लागि सम्झौता गर्न अनुमति प्राप्त व्यक्तिहरुले आयोगको सहमतिको लागि दरखास्त दिँदा सम्झौताका शर्त समेत पेश गर्नु पर्नेछ ।

१३. **विद्युत प्रसारण दस्तुर** : (१) आयोगले ऐनको दफा १३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम विद्युत प्रसारण दस्तुर निर्धारण गर्दा नियम १० बमोजिम खरिद बिक्री दर निर्धारण गर्दा लिइने

आधारका अतिरिक्त देहायका सबै वा केही कुरालाई आधार लिन सक्नेछ :-

(क) प्रयोगकर्ताको उपभोग क्षमता वा परिमाण र दुरी,

(ख) जडान विन्दु (पोइन्ट अफ कनेक्सन),

(ग) प्रसारण क्षेत्र (जोनल ट्रान्समिसन चार्जेज),

(घ) प्रसारण लाइन निर्माण वा विस्तार गर्दा हुने लगानी ।

(२) उपनियम (१) बमोजिम विद्युत प्रसारण दस्तुर निर्धारण गर्दा राष्ट्रिय विद्युत प्रसारण ग्रीड(नेशनल ट्रान्समिसन ग्रीड) र अन्य प्रसारण लाईन खण्डहरुको छुट्टा छुट्टै दस्तुर निर्धारण गर्न सकिनेछ ।

(३) विद्युत प्रसारण दस्तुर निर्धारण गर्ने सम्बन्धी अन्य आधारहरु आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **विद्युत वितरणको महसुल दरमा प्रतिस्पर्धा गराउनु पर्ने** : (१) आयोगले विद्युत वितरणको महसुल दरमा प्रतिस्पर्धा गराई सोको आधारमा उपभोक्ता वा उपभोक्ताको प्रतिनिधिले आफ्नो सेवा प्रदायक छनौट गर्न पाउने व्यवस्था गर्नु पर्नेछ ।

(२) विद्युत वितरणको महसुल दरमा प्रतिस्पर्धा गराउने तथा विद्युत वितरक छनौट गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **विद्युत वितरण शुल्क** : अन्य कुनै संस्थाले विद्युत वितरण गर्न अनुमति प्राप्त संस्थाको प्रणाली प्रयोग गरी उपभोक्तासम्म विद्युत वितरण गर्दा त्यस्तो वितरण प्रणाली प्रयोग गरे वापत बुझाउनु पर्ने वितरण शुल्क आयोगले निर्धारण गर्नेछ ।

१६. **मूल्य अन्तर नियमन गर्ने** : आयोगले यस नियम बमोजिम अनुमति प्राप्त व्यक्तिहरुबीच विद्युत व्यापारको क्रियाकलाप तथा विद्युत खरिद गरी पुनः बिक्री गर्दाको मुल्य अन्तर (ट्रेडिङ मार्जिन)





सम्बन्धमा नियमन गर्न विद्युत व्यापार मापदण्ड बनाई लागु गर्नेछ ।

१७. **सेवा शुल्क तोक्ने** : (१) आयोगले ऐनको दफा २० बमोजिम देहायका विषयमा देहाय बमोजिमको सेवा शुल्क लगाउन सक्नेछ :-

(क) विद्युतको थोक खरिद बिकी दर निर्धारण गर्दा सात हजार पाँचसय रुपैयाँ,

(ख) विद्युत खरिद सम्झौतामा सहमति दिँदा देहाय बमोजिम :-

(१) एकसय किलोवाटदेखि एक मेगावाटसम्म एक लाख रुपैयाँ,

(२) एक मेगावाटभन्दा माथि एकहजार मेगावाटसम्म प्रति मेगावाट दश हजार रुपैयाँका दरले,र

(३) सो भन्दामाथि एकमुष्ट बीसलाख रुपैयाँ ।

(ग) प्रसारण तथा वितरण दस्तुर (व्हीलिङ चार्ज) लगायत यस्तै अन्य महसुल वा दस्तुर निर्धारण गर्दा पच्चीस हजार रुपैयाँ,

(घ) अनुमति प्राप्त व्यक्तिहरु आपसमा गाभिन, संरचनाको खरिद बिक्री (सेल अफ प्लान्ट), प्राप्ति (एक्वीजिसन) वा ग्रहण (टेक ओभर) गर्न सहमति दिँदा त्यस्तो संरचना वा संस्थाको आधार मूल्यको आधारमा दश करोडसम्मको आधार मूल्यको लागि एक लाख रुपैयाँ र सोभन्दा माथी प्रत्येक दश करोडसम्मको लागि पचास हजार रुपैयाँ,

(ङ) ऐनको दफा १८ बमोजिम विवाद समाधान गर्दा दाबी मूल्य खुलेको विवाद भएमा त्यस्तो दाबी

मूल्यको पाँच प्रतिशत र दाबी मूल्य नखुलेको विवाद भएमा आयोगले तय गरेको मूल्य,

(च) आयोगले तोकेका अन्य विषयमा आधार मूल्य खुलेकोमा त्यस्तो मूल्यको आधारमा खण्ड (घ) बमोजिमको रकम र आधार मूल्य नखुलेकोमा आयोगले तय गरेको मूल्य ।

(२) उपनियम (१) बमोजिम आयोगले सेवा शुल्क लगाउँदा सेवा शुल्क लगाउने विषय र अनुमति प्राप्त व्यक्ति वा संस्थाको नाम आफ्नो वेबसाइट र राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-५

## उपभोक्ता हित संरक्षण र सार्वजनिक सुनुवाई

१८. **उपभोक्ता हित संरक्षण** : आयोगले ऐनको दफा १४ बमोजिम उपभोक्ताको हित संरक्षणका लागि देहाय अनुसारका कार्य गर्नेछ :-

(क) वितरण अनुमतिप्राप्त व्यक्तिले वितरण गरेको विद्युतको गुणस्तर (स्वीकार्य भोल्टेज परिवर्तनको मापदण्ड, विद्युत वितरणमा हुन सक्ने रोकावटको औसत अवधि र औसत रोकावटको क्रमिकता) निर्धारण गरी कार्यान्वयन गर्ने,

(ख) सार्वजनिक सेवा प्रदायकको कार्य सम्पादनस्तर निर्धारण गरी सोको आधारमा कार्य सम्पादन गर्न त्यस्तो व्यक्ति वा संस्थालाई निर्देशन दिने,

(ग) उपभोक्ताको गुनासो सुनुवाई संयन्त्र र गुनासो समाधान गर्ने प्रकृया निर्धारण गर्ने,

(घ) विद्युत वितरणमा हुने रोकावट हटाउन गर्नु पर्ने उपाय निर्धारण गर्ने र आयोगले तोकेको





समयभन्दा बढी समय रोकावट भएमा क्षतिपूर्ति दिन लगाउने,

(ङ) विद्युत जडान गर्न लाग्ने समय र सो को प्रकृया निर्धारण गरी सार्वजनिक गर्ने,

(च) आयोगले तोकेको गुणस्तर सम्बन्धी मापदण्ड उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाबाट क्षतिपूर्ति भराउने,

(छ) उपभोक्ता हित संरक्षणका लागि आयोगले आवश्यक ठहऱ्याएका अन्य कार्य गर्ने, गराउने ।

१९. **सार्वजनिक सुनुवाई गर्नु पर्ने** : (१) आयोगले विद्युत महसुल निर्धारण, विद्युत खरिद दर निर्धारण, प्रसारण शुल्क निर्धारण तथा विद्युत व्यापारसँग सम्बन्धित विषयमा निर्णय गर्नु पूर्व सार्वजनिक सुनुवाई गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अवलम्बन गर्नु पर्ने विधि अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गरिने सार्वजनिक सुनुवाईको अन्य प्रकिया र ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## काम, कर्तव्य र अधिकार

२०. **अध्यक्षको काम, कर्तव्य र अधिकार** : (१) ऐन तथा यस नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको अल्पकालीन एवं दीर्घकालीन नीति, योजना र कार्यक्रमहरु तयार गर्ने, गराउने,

(ख) स्वीकृत नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ग) विद्युत उत्पादन, प्रसारण र विद्युतको गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने, गराउने,

(घ) विद्युत उत्पादक, प्रसारक र यस्तै काम गर्ने संस्थाबीच समन्वय कायम गर्ने, गराउने,

(ङ) आयोगमा पेश हुने विषयहरु तयार गर्न लगाउने,

(च) आयोगको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(छ) आयोगको लागि आवश्यक कार्यक्रम एवं बजेट तयार गर्न लगाउने ।

(२) अध्यक्षले आयोगको तर्फबाट स्वदेश तथा विदेशका नियमनकारी संघ संस्था निकायहरुसँग सम्पर्क गर्न र कुनै सम्झौता गर्नु पर्ने भएमा आयोगको स्वीकृति लिई सम्झौता गर्न सक्नेछ ।

तर आयोग वा नेपाल सरकारलाई आर्थिक भार वा कुनै दायित्व पर्ने विषयमा सम्झौता गर्नु परेमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) अध्यक्षले आफूमा निहित रहेको अधिकार आवश्यकता अनुसार सदस्य, समिति, उपसमिति वा आयोगका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **अध्यक्ष जवाफदेही हुने** : (१) आयोगको तर्फबाट हुने कारोबारको सम्बन्धमा अध्यक्ष जवाफदेही हुनेछ ।

(२) अध्यक्षले प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व र सरकारी रकमको लेखा राखी बैंक दाखिला गर्नु वा गर्न लगाउनु पर्नेछ ।





(३) राजस्वको लगत तथा लेखा राख्ने, फाँटबारी पेश गर्ने, लेखा परीक्षण गराउने र यसको अभिलेख राख्ने उत्तरदायित्व अध्यक्षको हुनेछ ।

२२. **सचिवको काम, कर्तव्य र अधिकार** : सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगका निर्णय लिपीबद्ध गरी आयोगको बैठकमा उपस्थित अध्यक्ष र सदस्यको दस्तखत गराउने र निर्णय प्रमाणित गर्ने,

(ख) आयोगका निर्णय र सोसँग सम्बन्धित अभिलेख सुरक्षित राखी संरक्षण गर्ने,

(ग) आयोगका निर्णय कार्यान्वयन गर्ने गराउने,

(घ) विवाद समाधान सम्बन्धी निर्णयको छुट्टै अभिलेख राखी कार्यान्वयन गर्ने गराउने,

(ङ) आयोगमा पेश हुन आएका निवेदन, पुनरावलोकनका लागि प्राप्त भएका निवेदन वा आवेदन एवं आयोगसँग सम्बन्धित सबै कागजात सुरक्षित राखी समय समयमा निरीक्षण गर्ने गराउने,

(च) आयोगका कर्मचारीको नियुक्ति, नियन्त्रण र सुपरिवेक्षण गर्ने,

(छ) आयोगको निर्देशन अनुरूप अन्य कार्य गर्ने ।

२३. **आयोगको आन्तरिक नियन्त्रण प्रणाली** : (१) आयोगबाट सम्पादन हुने कार्यहरु मितव्ययी, कार्यदक्षतापूर्ण र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नको लागि आयोगले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा आयोगले सम्पादन गर्ने कामको प्रकृति अनुरुप आवश्यक कुराहरुको व्यवस्था गर्नु पर्नेछ र त्यसमा नियन्त्रणको

वातावरण, जोखिम क्षेत्रको पहिचान, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेट्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि आयोगले आयोगको कुनै सदस्यलाई जिम्मेवारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम तोकिएको सदस्यले आयोगबाट प्रभावकारी रुपमा कार्यसम्पादन भए नभएको, आर्थिक अनुशासन र निर्देशनको पालना भए नभएको सम्बन्धमा वर्षमा कम्तीमा दुई पटक अनुगमन र सुपरिवेक्षण गरी सोको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश भएको प्रतिवेदनबाट कुनै कैफियत देखिएमा आयोगले सम्बन्धित अधिकारीलाई त्यस्तो कैफियत सुधार गर्न निर्देशन दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ ।

२४. **राय उपलब्ध गराउने** : (१) विद्युत उत्पादन, प्रसारण तथा वितरण सम्बन्धी कुनै विषयमा नेपाल सरकारले आयोगको राय माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम राय माग भएकोमा आयोगले त्यस्तो विषयमा नेपाल सरकारलाई आफ्नो राय उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–७

## पेशागत आचरण

२५. पदको मर्यादा र अनुशासनमा रहनु पर्ने : सदस्यले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी अनुशासनमा बस्नु पर्नेछ ।

२६. समयको पालना : सदस्यले नेपाल सरकारले तोकेको कार्यालय समयको पालना गरी तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ ।





२७. **दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न नहुने** : सदस्य आफैं वा आफ्नो परिवारको कुनै सदस्य मार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

२८. **कार्य सम्पादनको सिलसिलामा राजनैतिक वा अवाञ्छनीय प्रभाव वा सम्पर्क कायम गर्न नहुने** : सदस्यले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्नुहुँदैन ।

२९. **राजनीतिमा भाग लिन नहुने** : सदस्यले राजनीतिमा भाग लिन वा कुनै राजनैतिक दल वा सङ्गठनको सदस्यता प्राप्त गर्न वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन वा त्यस्तो निर्वाचनमा कुनै उम्मेदवार, राजनैतिक दल वा सङ्गठनको तर्फबाट प्रचार प्रसार गर्न वा वक्तव्य दिन वा मत माग्न हुँदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पुऱ्याएको मानिने छैन ।

३०. **समाचार प्रकाश गर्नमा प्रतिबन्ध** : (१) सदस्यले आयोगको पूर्वस्वीकृति नलिई आफूले पदमा रही कर्तव्य पालना गर्दा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रेस वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन ।

(२) उपनियम (१) बमोजिमको व्यवस्था आयोगको पूर्व सदस्यको हकमा समेत लागू हुनेछ ।

३१. **लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रसारण गर्न नहुने** : सदस्यले काल्पनिक वा वास्तविक नामबाट नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतामा आँच आउने, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादामा खलल पर्ने, अदालतको निर्णयको अपहेलना हुने तथा प्रचलित कानून तथा नेपाल

सरकारको नीति विपरीत वा नेपाल सरकार र जनताबीचको सम्बन्धमा खलल पर्ने गरी कुनै पनि सञ्चार माध्यमबाट लेख, वक्तव्य वा भाषण प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।

तर व्यवसायसँग सम्बद्ध विषयमा प्राज्ञिक वा अनुसन्धानात्मक प्रकृतिको लेख रचना लेख्न र प्रकाशन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन ।

३२. **साम्प्रदायिक दुर्भावना फैलने कार्य गर्न नहुने** : सदस्यले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने कुनै काम गर्नु हुँदैन ।

३३. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने** : सदस्यले नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायको काम गर्नु हुँदैन :-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) विद्युत उत्पादन र प्रसारण आयोजनाको अनुमति लिन वा त्यस्तो काम गर्ने कम्पनी वा संस्थाको शेयर खरिद गर्न वा जुनसुकै किसिमले संलग्न हुन ।

३४. **आयोगको अहित हुने कार्य गर्न नहुने** : सदस्यले आयोगलाई अहित हुने गरी कुनै कार्य गर्नु हुँदैन ।

३५. **आयोगलाई हानि नोक्सानी पार्न नहुने** : सदस्यले जानाजान, हेलचेक्र्याइँ वा लापरवाही गरी आयोगलाई हानि नोक्सानी पुऱ्याउनु हुँदैन ।

३६. **संस्थाको सदस्यता** : सदस्यले प्रचलित कानून र आयोगको नीतिको विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य बन्नु हुँदैन ।





३७. **सम्पत्ति विवरण पेश गर्नु पर्ने** : सदस्यले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

३८. **नेपाल सरकारबाट स्वीकृत नीति बमोजिम कार्य सम्पादन गर्ने** : सदस्यले नेपाल सरकारबाट स्वीकृत नीतिको आसय र भावनालाई गम्भीरतापूर्वक मनन गर्दै राज्य सञ्चालनमा उठेका हाँकलाई सामना गर्न सक्षम हुने गरी आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

३९. **व्यावसायिकता र विशेषज्ञता** : सदस्यले खुला समाज, खुला राजनीति र उदार अर्थनीति बमोजिम नागरिकको सोच, व्यवहारलाई आत्मसात गर्दै आधुनिक राज्यको अवधारणा बमोजिम व्यावसायिक र विशेषज्ञको रूपमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

४०. **स्वच्छ, तर्कसङ्गत र सद्विवेक** : सदस्यले स्वच्छ, तर्कसङ्गत, सद्विवेक र न्यायोचित आधारमा आफ्नो कार्य सम्पादन गर्नु पर्नेछ ।

४१. **सरोकारवालाको अवधारणा मनन् गर्ने** : सदस्यले कुनै व्यक्ति विशेषको स्वार्थमा सीमित नभई सबै सरोकारवाला नागरिक, वर्गीय वा व्यावसायिक संघ संस्थाबाट प्राप्त सुझाव, मन्तव्य र धारणालाई गम्भीरताका साथ अध्ययन, मनन तथा विश्लेषण गरी आम जनताको हित र कल्याण गर्ने उद्देश्यबाट अभिप्रेरित भई कार्य सम्पादन गर्नु पर्नेछ ।

४२. **अन्यत्र नोकरी वा सेवा गर्नु नहुने** : (१)सदस्यले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले देहायको कार्य गर्न सक्नेछ :-

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघ संस्था वा नेपाल

सदस्य रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको काममा नेपाल सरकारको पूर्व स्वीकृति लिएर भाग लिन,

(ख) नेपाल सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) कार्यालयको काममा बाधा नपर्ने गरी मानव कल्याण, परोपकार वा सामाजिक भलाईका लागि सेवा पुऱ्याउन,

(घ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखी समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, संगीत, विज्ञान, धर्म वा यस्तै अन्य कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

४३. **स्थायी आवासीय अनुमति लिन नहुने** : सदस्यले अन्य विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन ।

४४. **आयोगका कर्मचारीको आचरण** : (१) आयोगका कर्मचारीले आयोगका सदस्यले पालना गर्नु पर्ने यस नियमावली बमोजिमका आचरण तथा आयोगले बनाएको कर्मचारी विनियमावली बमोजिमका आचरण पालना गर्नु पर्नेछ ।





(२) उपनियम (१) बमोजिम आचरण पालना नगर्ने कर्मचारीलाई आयोगले बनाएको कर्मचारी विनियमावली बमोजिम विभागीय कारबाही हुनेछ ।

(३) विभागीय कारबाही गर्नु पर्ने कर्मचारी नेपाल सरकारबाट खटिई आएको रहेछ भने त्यस्तो कर्मचारीलाई विभागीय कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद-८

## विविध

४५. **शेयर संरचनामा परिवर्तन गर्न आयोगको पूर्व स्वीकृति लिनु पर्ने** : विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनी वा संस्थाले सार्वजनिक रुपमा शेयर निश्कासन गर्न वा शेयरको संरचनामा पाँच प्रतिशतभन्दा बढी परिवर्तन हुने गरी शेयर खरिद बिक्री गर्न आयोगको पूर्व स्वीकृति लिनु पर्नेछ ।

तर नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत भएको कम्पनी वा संस्थाको शेयर खरिद बिक्री गर्न पूर्व स्वीकृति लिनु पर्ने छैन ।

४६. **न्यूनतम लागत विस्तार कार्ययोजना** : (१) ऐनको दफा १२ को खण्ड (च) बमोजिम विद्युत सेवाको आन्तरिक माग तथा आपूर्तिको लागि विद्युतसँग सम्बन्धित उत्पादन, प्रसारण र वितरण सम्बन्धी विषय समावेश गरी आयोगले न्यूनतम लागत विस्तार कार्ययोजना बनाउनेछ ।

(२) उपनियम (१) बमोजिम न्यूनतम लागत विस्तार कार्ययोजना बनाउँदा आयोगले सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसँग परामर्श गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको न्यूनतम लागत विस्तार कार्ययोजना बमोजिम काम भए नभएको सम्बन्धमा आयोगले सम्बन्धित उत्पादक, प्रसारक र वितरकलाई समय समयमा विवरण पेश गर्न लगाई सोको अनुगमन समेत गर्न सक्नेछ ।

४७. **अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा** : (१) अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा क्रमशःराष्ट्रिय योजना आयोगको सदस्य र नेपाल सरकारको विशिष्टश्रेणीको अधिकृत सरह हुनेछ ।

(२) उपनियम (१) बमोजिम दिइने पारिश्रमिक र सुविधा बाहेक आयोगले आफ्नो आम्दानीबाट अध्यक्ष र सदस्यलाई नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई कार्यसम्पादनमा आधारित अतिरिक्त भत्ता दिन सक्नेछ ।

४८. **सञ्चित कोषमा रकम जम्मा गर्नु पर्ने** : (१) ऐनको दफा ३३ को उपदफा (१) बमोजिमको कोषमा आयोगको पछिल्लो तीन आर्थिक वर्षको औसत सञ्चालन खर्चको एकसय पचास प्रतिशत भन्दा बढी रकम जम्मा भएमा त्यस्तो बढी रकम आयोगले सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजना सञ्चालन गर्न कोषमा बाँकी रहेको रकम अपर्याप्त हुने भई थप रकम आवश्यक पर्ने भएमा आयोगले नेपाल सरकारसँग सहमति लिई आवश्यक थप रकम सो कोषमा राख्न सक्नेछ ।

४९. **नेपाल सरकारको सहमति लिनु पर्ने** : यो नियमावली कार्यान्वयन गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

५०. **खारेजी र बचाउः** (१) विद्युत महसुल निर्धारण नियमावली, २०५० खारेज गरिएको छ ।

(२) विद्युत महसुल निर्धारण नियमावली, २०५० बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।





अनुसूची -१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**अध्यक्ष/सदस्य पदको लागि आवेदन**

श्री सिफारिस समिति,

..... ।

विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिम मेरो देहायमा लेखिए बमोजिम योग्यता र अनुभव भएकोले आयोगको अध्यक्ष/सदस्यको पदमा रही काम गर्न पाउँ भनी यो दरखास्त पेश गरेको छु ।

मेरो व्यक्तिगत विवरण देहाय बमोजिम रहेको छ :-

| | | |
|---|---|---|
| १. | नाम : | |
| २. | ठेगाना,-<br>स्थायी :<br>अस्थायी : | |
| ३. | उमेर,-<br>जन्ममिति :<br>हालको उमेर : | |
| ४. | शैक्षिक योग्यता,-<br>शैक्षिक उपाधिको नाम : शैक्षिक उपाधिको विषय :<br>शिक्षण संस्थाको नाम, ठेगाना :<br>प्राप्त प्रतिशत :<br>शैक्षिक उपाधिको नाम : शैक्षिक उपाधिको विषय :<br>शिक्षण संस्थाको नाम, ठेगाना :<br>प्राप्त प्रतिशत : | |
| ५. | सम्बन्धित क्षेत्रको अनुभव :<br>(१)<br>(२)<br>(३) | |
| ६. | विशिष्टिकृत क्षेत्र : | |
| ७. | संलग्न कागजातहरु :<br>(१)<br>(२)<br>(३)<br>(४) | |
| ८ | दस्तखत : | मिति : |

अनुसूची -२

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**स्वघोषणा**

म विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ६ बमोजिम आयोगको अध्यक्ष/सदस्य पदमा उम्मेदवार हुन देहायको अयोग्यता नभएको स्वघोषणा गर्दछु । कुनै पनि कारणबाट यो स्वघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक, व्यवस्थापकीय तह, शेयर धनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा तीन वर्षको अवधि व्यतित भई नसकेको,

(च) विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार सम्बन्धी कसूरमा सजाय पाई सजाय भुक्तान गरेको मितिले तीन वर्षको अवधि पूरा नभएको,

(छ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको





स्वामित्वमा रहेको सङ्गठित संस्था वा अनुमतिपत्र प्राप्त व्यक्तिको बहालवाला कर्मचारी,

(ज) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(झ) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको ।

दस्तखत :

नामः

ठेगानाः

मितिः

अनुसूची-३

(नियम १९ को उपनियम (२) सँग सम्बन्धित )

## सार्वजनिक सुनुवाईको विधि

**१. सार्वजनिक सुनुवाईको लागि कार्यक्रम आयोजना गर्ने प्रकिया र समावेश गरिने विषय :**

सार्वजनिक सुनुवाई गरिने स्थान, मिति र समय सहित देहायका विषय खुलाई सार्वजनिक सुनुवाई हुने दिनभन्दा कम्तीमा पन्ध्र दिन अगाडि राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ :-

(क) सार्वजनिक सुनुवाईमा उपस्थित हुने ग्रार्हस्थ उपभोक्ता, उद्योग व्यवसायी, सर्वसाधारण उपभोक्ताका प्रतिनिधिमूलक संस्था, सम्बन्धित स्थानीय तह र सञ्चार माध्यम सम्बन्धी विवरण,

(ख) सार्वजनिक सुनुवाईमा आयोगको तर्फबाट उपस्थित हुने पदाधिकारी र प्रतिनिधिको नाम र सम्पर्कको तरिका,

(ग) सार्वजनिक सुनुवाईमा उपस्थित हुने विद्युत उत्पादक संस्था, वितरण अनुमतिप्राप्त व्यक्ति, प्रसारक संस्था, विद्युत खरिद बिक्रीकर्ता र सोको लागि अनुमति प्राप्त व्यक्तिको प्रतिनिधिको नाम र सम्पर्क,

(घ) सार्वजनिक सुनुवाई गरिने विषय र क्षेत्र,

(ङ) सार्वजनिक सुनुवाईको आचारसंहिता सम्बन्धी कुराहरु,

(च) सार्वजनिक सुनुवाईमा भाग लिने, वार्ता गर्न चाहने वा प्रश्नोत्तरमा सहभागी हुने व्यक्तिले पालना गर्नु पर्ने आचारसंहिता सम्बन्धी कुराहरु,

(छ) महसुल निर्धारणमा लिइने आधार र मापदण्ड सम्बन्धी विषयहरु,

(ज) अनुमति प्राप्त व्यक्ति वा संस्थाको नाम,

(झ) सार्वजनिक सुनुवाई गरिने क्षेत्रमा रहेका ग्राहक सङ्ख्या, खपत हुने विद्युत युनिट,





(ञ) विद्युत प्रसारण लाईन र विद्युत जडान सम्बन्धी आवश्यक विवरण ।

**२. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने प्रकृया :-**

(क) आयोग आफैले सार्वजनिक सुनुवाईको सञ्चालन गर्नु पर्नेछ ।

(ख) आयोगका अध्यक्ष र सदस्य पालैपालो सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुनुपर्नेछ ।

(ग) सार्वजनिक सुनुवाई हुने विषय सहितको कार्यसूची तयार गरी वितरण गर्नु पर्नेछ ।

(घ) सार्वजनिक सुनुवाईमा उपस्थित हुने सहभागीको सङ्ख्याको आधारमा स्थान तय गर्नु पर्नेछ ।

(ङ) सार्वजनिक सुनुवाईमा स्थानीय तहका जनप्रतिनिधि, विषय विज्ञ, सम्बन्धित क्षेत्रका बुद्धिजीवि, स्थानीय सञ्चार माध्यम र पत्रकार, विद्युत वितरण र उपभोग सम्बन्धी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधि, उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाका प्रतिनिधिलाई सहभागी गराउनु पर्नेछ ।

(च) सार्वजनिक सुनुवाईमा उठाइएका विषय र ती विषय सम्बोधनका लागि दिइने प्रतिउत्तर टिपोट गर्नु पर्ने र आयोगको तर्फबाट उपस्थित भएका पदाधिकारीले प्रमाणित गर्नु पर्नेछ ।

**३. सार्वजनिक सुनुवाईमा प्रस्तुत गर्ने विषय :**

(क) कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु पर्नेछ ।

(ख) विषयवस्तुको जानकारी गराउनु पर्नेछ ।

(ग) सहभागीले प्रश्नोत्तर गर्ने तरिकाबारे जानकारी गराउनु पर्नेछ ।

(घ) सहभागीले सुनुवाईको क्रममा जिज्ञासा राख्दा वा प्रश्नोत्तर गर्दा अपनाउनु पर्ने आचारसंहिताको व्याख्या गर्नु पर्नेछ ।

(ङ) सार्वजनिक सुनुवाईको समग्र समीक्षा गर्नु पर्नेछ ।

४. **सार्वजनिक सुनुवाई कार्यक्रमको आचारसंहिता :**

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, सामाजिक सद्भाव लैङ्गिक विभेद, कुनै खास वर्ग वा समुदायको सम्बन्धमा खलल पर्ने वा जातीय विद्वेष ल्याउने किसिमले प्रस्तुतीकरण गर्न पाइने छैन ।

(ख) नेपालको राजनैतिक प्रणाली वा राजनैतिक संयन्त्र वा यसका सञ्चालक वा कुनै पनि राजनीतिक तह वा निकायका विरुद्ध प्रस्तुतीकरण गर्न पाइने छैन ।

(ग) अदालतमा विचाराधीन विषयमा प्रस्तुतीकरण गर्न पाइने छैन ।

(घ) अनुमानको आधारमा विषय छनौट र प्रस्तुतीकरण गर्न पाइने छैन ।

(ङ) शिष्ट र मर्यादित भाषाको प्रयोग गर्नु पर्नेछ ।

(च) सहभागीको भनाई पूरा भएपछि मात्र प्रतिउत्तर दिने वा अर्को वक्तालाई पालो दिनु पर्नेछ ।

(छ) कार्यक्रमको दृश्य अभिलेखीकरण गर्नु पर्नेछ ।

**आज्ञाले,**
**अनुप कुमार उपाध्याय**
**नेपाल सरकारको सचिव**

अनुसूची –४

# बिद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६

प्रस्तावनाः

**बिद्युत नियमन आयोग नियमावली २०७५ को नियम ४५ बमोजिम बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन गर्नुपूर्व यस आयोगबाट स्वीकृति लिनु पर्ने व्यवस्थालाई स्पस्ट, पारदर्शी तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न बिद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका जारी गरिएको छ ।**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "बिद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६" रहेको छ ।

(ख) यो निर्देशिका नेपाल राज्यभर लागु हुनेछ ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "आयोग" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको बिद्युत नियमन आयोग सम्झनु पर्छ ।

(ख) "अनुमतिप्राप्त कम्पनि" बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनि वा संस्थाहरु सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बिद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ ।

(ङ) "वित्तीय व्यवस्थापन" भन्नाले अनुमतिप्राप्त कम्पनि र बैंक तथा वित्तीय संस्थाहरुबीच परियोजना निर्माणका लागि ऋण लगानी गर्न भएको सम्झौता सम्झनु पर्छ ।

**(च)** "शेयरको सार्वजनिक निष्काशन" भन्नाले प्रारम्भिक शेयर निष्काशन (Initial Public Offering), हकप्रद शेयर निष्काशन (Right Share Offering), थप सार्वजनिक निष्काशन (Further Public Offering) वा बिक्री प्रस्ताव (Offer Document) मार्फत धितोपत्र बिक्री समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्विकृती सम्बन्धी व्यवस्था

३. **स्वीकृति लिनु पर्ने :** नियमावलीको नियम ४५ बमोजिम अनुमतिप्राप्त कम्पनिले शेयरको सार्वजनिक निष्काशन गर्नुपूर्व यस आयोगबाट स्वीकृति लिनु पर्नेछ ।

*तर, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भएको कम्पनि वा संस्थाको शेयर खरिद बिक्रि दलाल कम्पनि मार्फत खरिद बिक्रि गर्न स्वीकृती आवश्यक पर्ने छैन ।*

४. **योग्यता :** (क) दफा ३ बमोजिम स्विकृतीका लागि निवेदन दिन चाहने अनुमतिप्राप्त कम्पनिहरुको देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ :-

(१) शेयरको सार्वजनिक निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना तथा रणनीतिहरू साधारण सभाबाट पारित गरेको ।

(२) संस्थापक शेयरधनीहरुलाई जारी पूँजी शत प्रतिशत चुक्ता भएको ।

(३) परियोजना निर्माणको लागि आवश्यक वित्तीय व्यवस्थापन भएको ।

(४) निर्माणको चरणमा रहेका परियोजनाहरुको हकमा मूख्य संरचनाहरुको निर्माण कम्तिमा ५० प्रतिशत सम्पन्न भएको र परियोजना सम्पन्न भएपछि परियोजनाबाट उत्पादित बिद्युत राष्ट्रिय प्रशारणलाइन सम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूति रहेको ।

*तर शेयरधनीहरुको लगानी सुरक्षित हुने प्रत्याभूति भएको अवस्थामा शेयर मुल्यको बढिमा दश प्रतिशतसम्म भुक्तानी हुने गरी शेयर निष्काशन गर्न बाधा पर्ने छैन ।*

(५) परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयरको सम्बन्धमा अनुमतिप्राप्त कम्पनिको बार्षिक साधारणसभा र संचालक समितिमा निर्णय भएको हुनुपर्ने र सो सम्बन्धमा परियोजना प्रभावित क्षेत्रका बासिन्दासँग कुनै किसिमको सहमति भएको भए सो सहमति समेत उल्लेख भएको ।

(६) हकप्रद शेयर वा थप सार्वजनिक निष्काशन गर्न प्रारम्भिक शेयर निष्काशन गरेको मितिले दुई वर्ष पूरा भएको ।

(ख) माथि दफा ४ (क) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि दोश्रो कम्पनीको शेयर खरिद गर्ने वा अन्य कम्पनी वा संस्था गाभ्ने वा बैंक, वित्तीय संस्थाको ऋण तिर्ने उद्देश्यले शेयरको थप सार्वजनिक निष्काशन तथा हकप्रद शेयर निष्काशन गर्न पाउने छैन ।

५. **निवेदन पेश गर्नु पर्ने :** शेयरको सार्वजनिक निष्काशन गर्न स्विकृतीका लागि अनुसूची -१ अनुसारको कागजात तथा अनुसूची -२ अनुसारको शुल्क बुझाएको भौचर सहित निवेदन पेश गर्नु पर्ने छ ।

६. **स्विकृती प्रदान गर्ने :** दफा ५ बमोजिम अनुमतिप्राप्त कम्पनिबाट पर्न आएको निवेदन तथा सो साथ संलग्न कागजात उपर आयोगले जाँचबुझ गर्दा दफा ४ बमोजिमको योग्यता पूरा भएको पाईएमा स्वीकृती प्रदान गर्नेछ ।

## परिच्छेद ३

## विविध

७. **निष्काशनको तरिका :** परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयर र प्राथमिक शेयर निष्काशन एकैपटकमा सम्पन्न गर्न सकिनेछ ।

८. **आदेश र निर्देशन जारी गर्नेः** आयोगले ऐन, नियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र यस निर्देशिका बमोजिम निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्न सक्नेछ।

९. **मापदण्ड, संहिता तथा संस्थागत सुशासनः** अनुमतिप्राप्त कम्पनिले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नु पर्नेछ ।

१०. **अन्य कानुनी व्यवस्था :** शेयरको सार्वजनिक निष्काशनका सम्बन्धमा अन्य व्यवस्थाहरु प्रचलित धितोपत्र सम्बन्धि ऐन, नियमावली वा निर्देशिका अनुसार हुनेछ ।

## अनुसूची-१

## संलग्न गर्नु पर्ने कागजातहरु

(क) शेयरको सार्वजनिक निष्काशन गर्ने अनुमतिप्राप्त कम्पनिको विवरण, संचालकहरु र पाँच प्रतिशत भन्दा बढी स्वामित्व भएका शेयरधनीहरुको वैयक्तिक विवरण (Resume)।

(ख) अनुमतिप्राप्त कम्पनिको संस्थापक शेयरधनीहरुलाई जारी पूँजी शत प्रतिशत चुक्ता भएको प्रमाणित गर्ने कम्पनि रजिस्ट्रारको कार्यालयमा अध्यावधिक शेयर लागत ।

(ग) परियोजना सम्बन्धि विवरण ।

(घ) निर्माणको चरणमा रहेका परियोजनाको हकमा परियोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण र प्रशारणलाइनको हालको अवस्था वा परियोजना सम्पन्न भएपछि परियोजनाबाट उत्पादित बिद्युत राष्ट्रिय प्रसारणलाइन सम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूति दिने कागजात तथा विवरण ।

(ङ) बिद्युत सम्बन्धि परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिमका निकायबाट इजाजत, अनुमति वा स्वीकृति सम्बन्धी कागजात।

(च) शेयरको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(छ) वित्तीय व्यवस्थापन भएको प्रमाणित गर्ने कागजात ।

(ज) पछिल्लो तिन वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण ।

(झ) आगामी तिन बर्षको वित्तीय प्रक्षेपण ।

(ञ) शेयरको सार्वजनिक निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गरिएको भएमा सम्झौताको विवरण ।

(ट) निष्काशन गरिने शेयरको प्रत्याभूत (अण्डरराइट) गरिएको भए प्रत्याभूतिकर्तासँग गरिएको सम्झौता।

(ठ) शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा विवरणपत्र तयार गरीसकेको भए सो विवरणपत्र ।

(ड) शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा साख निर्धारण (क्रेडिट रेटिंग) गराईसकेको भए सो सम्बन्धि विवरण।

अनुसूची - २

## सेवा शुल्क

१) रु. दस करोड सम्मको सार्वजनिक निष्काशनका लागि : रु. १००,००० (एक लाख)

२) रु. दस करोड भन्दा माथि प्रत्येक दस करोड सम्मका लागि : रु. ५०,००० (पचास हजार)

उदाहरण

(क) रु. नौ करोड चालिस लाखको सार्वजनिक निष्काशनका लागि : रु. १००,००० (एक लाख)

(ख) रु. २५ करोडको सार्वजनिक निष्काशनका लागि

| | | |
|---|---|---|
| पहिलो दस करोडको लागि शुल्क | : | रु. १००,००० |
| दोस्रो दस करोडको लागि शुल्क | : | रु. ५०,००० |
| बाकी ५ करोडको लागि शुल्क | : | रु. ५०,००० |
| **जम्मा** | : | **रु. २००,०००** |

अनुसूची –५

# विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६

**विद्युत नियमन आयोगद्वारा नियमन गर्नुपर्ने आवश्यक कार्यको सम्बन्धमा व्यवस्था गर्न विद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४२ (१) ले दिएको अधिकार प्रयोग गरी विद्युत नियमन आयोगले देहायको विनियम जारी गरेको छ ।**

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावली को नाम "विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धि विनियमावली, २०७६" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः-

(क) "**अनुमति प्राप्त व्यक्ति**" भन्नाले ऐनको दफा २ को उपदफा (ख) बमोजिमको व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ख) "**आयोग**" भन्नाले ऐनको दफा २ को उपदफा (ग) बमोजिम स्थापना भएको विद्युत नियमन आयोग सम्झनुपर्छ ।

(ग) "**ऐन**" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(घ) "**नियमावली**" भन्नाले विद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनुपर्छ।

(ङ) **"उत्पादन अनुमति प्राप्त व्यक्ति"** भन्नाले विद्युतको उत्पादन गर्न प्रचलित कानुन बमोजिम अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(च) "**मन्त्रालय**" भन्नाले नेपाल सरकारको उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय सम्झनुपर्छ।

(छ) **"वितरण अनुमति प्राप्त व्यक्ति"** भन्नाले विद्युत वितरण गर्न प्रचलित कानून बमोजिम कार्य गर्ने व्यक्ति वा संस्था वा विद्युत वितरण गर्न प्रचलित कानून बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ज) **"विद्युत खरिदकर्ता"** भन्नाले वितरण अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलित कानून बमोजिम नेपाल सरकारले स्थापना गरेको संगठित संस्था सम्झनुपर्छ।

(झ) **"विद्युत खरिद सम्झौता"** भन्नाले विद्युत खरिदकर्ता र विद्युत बिक्रिकर्ता बीच विद्युत खरिद बिक्री गर्ने प्रयोजनका लागि हुने सम्झौता सम्झनुपर्छ र सो शब्दले समय समयमा हुने संसोधन समेतलाई जनाउँछ।

(ञ) **"विद्युत बिक्रिकर्ता"** भन्नाले उत्पादन अनुमति प्राप्त संस्था वा व्यापार अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ट) **"व्यापार अनुमति प्राप्त व्यक्ति"** भन्नाले विद्युतको व्यापार गर्न प्रचलित कानुन बमोजिम अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ठ) **"वैकल्पिक उर्जा"** भन्नाले सौर्य, वायु, चुम्बकीय शक्ति (Magnetic Power), गुरुत्वाकर्षण शक्ति (Gravitational Power) तथा वायोमास लगायतका अन्य सम्भाव्य वैकल्पिक प्रविधिबाट उत्पादित विद्युत उर्जालाई सम्झनुपर्छ।

## परिच्छेद २

## विद्युत खरिद तथा प्रक्षेपण

३. **विद्युतको प्रक्षेपण :** वितरण अनुमति प्राप्त व्यक्तिले हरेक आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिभित्र उपभोक्ताहरुको वर्गीकरण सहित ३ वर्षको विद्युत मागको प्रक्षेपण, उपलब्ध हुने विद्युत उत्पादनको प्रक्षेपण तथा विद्युतको मागको सम्बोधन गर्न अपुग वा बढी हुने विद्युत तथा सोको व्यवस्थापन गर्ने योजना आयोग समक्ष पेश गर्नुपर्नेछ।

४. **विद्युत खरिद योजनाः** वितरण अनुमति प्राप्त व्यक्तिले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन विद्युत मागको प्रक्षेपण तथा सो प्रक्षेपण अनुसारको विद्युत खरिदको योजना तयार गर्नुपर्नेछ तथा सो योजना यो विनियमावली जारी भएको तीन महिना भित्र र तत् पश्चात आर्थिक वर्ष समाप्त हुनु अघिको अन्तिम त्रैमासिक भित्र आयोग समक्ष पेश गर्नुपर्नेछ।

५. **विद्युतको आयात निर्यात :** विनियम ३ तथा विनियम ४ को विद्युतको प्रक्षेपण तथा विद्युत खरिद योजना अनुसारको व्यवस्थापनको लागि विद्युत आयात वा निर्यात हुने भएमा सोको विवरण समेत पेश गर्नुपर्नेछ।

## परिच्छेद ३

## विद्युत खरिद दरको निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमति

६. **विद्युत खरिद सम्झौता लागू हुनेः** (१) विद्युत खरिदकर्ताले आयोग गठन भएको मिति पूर्व सम्पन्न गरेको सम्पूर्ण विद्युत खरिद सम्झौता कायम रहनेछन्। विद्युत खरिद सम्झौताका प्राबधानहरु यस बिनियामवलीसंग बाझिएको अवस्थामा यस बिनियामवली बमोजिम हुनेछ।

(२) विद्युत खरिदकर्ताले आयोग गठन भएको मिति पूर्व आवश्यक प्रक्रिया पूरा गरी तयार पारेको विद्युत खरिद सम्झौताको मस्यौदा उपर आयोगले विनियम ७ बमोजिम सहमति दिए पश्चात विद्युत खरिदकर्ता र विद्युत बिक्रिकर्ताबीच अन्तिम हस्ताक्षर भई कार्यान्वयनमा आउनेछ।

(३) विद्युत खरिद सम्झौतामा संसोधन गर्नु परेमा आयोगको स्विकृति लिनुपर्नेछ।

७. **विद्युत खरिद दरको निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमतिको लागि निवेदनको प्रक्रियाः** (१) विद्युत बिक्रिकर्ताले विद्युत खरिदकर्ता समक्ष विद्युत खरिद सम्झौताका लागि निवेदन दिनुपर्नेछ।

(२) विद्युत खरिदकर्ताले उपविनियम (१) बमोजिमको निवेदन प्राप्त भए पश्चात सो निवेदन उपर निवेदन प्राप्त भएको ९० दिन भित्र आवश्यक प्राविधिक तथा वित्तिय मूल्यांकन सम्पन्न गरी विद्युत खरिद दर निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमतिको लागि प्रस्तावित विद्युत खरिद दर र सम्झौताको अन्तिम मस्यौदा आयोग समक्ष पेश गर्नुपर्नेछ र सो को जानकारी विद्युत बिक्रिकर्तालाई समेत गराउनुपर्नेछ।

तर एक सय मेगावाट भन्दा तलका जलविद्युत आयोजनाको हकमा वित्तिय मूल्यांकन सम्पन्न गर्नुपर्ने छैन।

(३) उपविनियम (२) बमोजिम विद्युत खरिदकर्ताले आवश्यक मूल्यांकन गरे पश्चात विद्युत खरिद सम्झौता गर्नुनपर्ने वा गर्न नसकिने कारण देखिएमा सोको कारण खुलाई विद्युत बिक्रिकर्ता तथा आयोगलाई जानकारी गराउनु पर्नेछ।

(४) विद्युत खरिद दर निर्धारण गर्न तथा विद्युत खरिद सम्झौताको सहमतिको लागि विद्युत खरिदकर्ताले जलविद्युत आयोजनाको हकमा अनुसूची (१) र वैकल्पिक उर्जा आयोजनाको हकमा अनुसूची (२) बमोजिमको ढाँचामा अनुसूची (३) बमोजिमको कागजात संलग्न गरी आयोग समक्ष निवेदन पेश गर्नुपर्नेछ।

(५) विद्युत खरिदकर्ताले एक मेगावाट भन्दा बढी क्षमताको वैकल्पिक उर्जा आयोजनासँग विद्युत खरिद सम्झौता सम्पन्न गर्दा प्रति यूनिट सात रुपैया तीस पैसामा नबढ्ने गरी प्रतिस्पर्धाको माध्यमबाट पनि खरिद बिक्री दर कायम गर्न सक्नेछ। तर एक मेगावाट सम्मका वैकल्पिक उर्जा आयोजनाको विद्युत खरिद बिक्री दर बार्षिक मूल्य वृद्धि नहुने गरी प्रति यूनिट सात रुपैयाँ तीस पैसा कायम गरिनेछ सो दर नेट मिटरिंगका ग्राहक वा संस्थाको हकमा समेत लागु हुनेछ।

(६) विद्युत बिक्रिकर्ताले उपविनियम (२) बमोजिमको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र अनुसूची (४) बमोजिमको सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर आयोग समक्ष बुझाउनुपर्नेछ।

८. **विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमतिः** (१) आयोगले विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमति प्रदान गरेपछि मात्र विद्युत खरिदकर्ता र विद्युत बिक्रिकर्ताबीच विद्युत खरिद सम्झौतामा अन्तिम हस्ताक्षर हुनेछ।

(२) एक सय मेगावाट सम्मका जलविद्युत आयोजनाको हकमा विद्युत खरिद दर र विद्युत खरिद बिक्री सम्झौताका शर्त तथा मुख्य प्रावधान अनुसूची (५) बमोजिम हुनेछ ।उल्लेखित मुख्य शर्त तथा प्रावधान कार्यान्वयन नभएको अवस्थामा पिडित पक्षले कार्यान्वयनको लागि आयोगमा निवेदन गर्न सक्नेछ।

(३) आयोग गठनको मिति पूर्व विद्युत खरिदकर्ता समक्ष विद्युतको खरिद सम्झौता गर्नका लागि निवेदन पेश गरेको कुनै पनि वैकल्पिक उर्जाको आयोजनाको (न्युन परिपूर्ति कोष (Viability Gap Funding) उपलब्ध हुने आयोजना समेत) को लागि वार्षिक मूल्य वृद्धि नहुने गरी प्रति यूनिट सात रुपैयाँ तीस पैसामा नबढ्ने गरी विद्युत खरिद दर कायम हुनेछ।

(४) न्युन परिपूर्ति कोष (Viability Gap Funding) उपलब्ध हुने वैकल्पिक उर्जाको आयोजनाको हकमा सो सम्बन्धमा आह्वान गरिएको प्रस्ताव संलग्न गरी आयोग समक्ष पेश गर्नुपर्नेछ।

(५) आयोगले एक सय मेगावाट भन्दा माथिका जलविद्युत आयोजनाहरुको हकमा अनुसूची (५) मा उल्लेख गरिएको दरको परिधिभित्र रही स्वपूंजीमा प्रतिफल (Return on Equity - ROE) सत्र प्रतिशत नबढ्ने गरी विद्युत खरिद दर तय गर्नेछ र उपविनियम (६) बमोजिम ROE सत्र प्रतिशत भन्दा बढी हुने देखिएमा विद्युत खरिद दर घट्ने गरी परिमार्जन गरिनेछ।

(६) विद्युत बिक्रिकर्ताले उपविनियम (५) मा उल्लेखित आयोजनाको दर निर्धारण गर्नका लागि विद्युत खरिदकर्ता मार्फत आयोग समक्ष निवेदन पेश गर्नुपर्नेछ र आयोगले निम्न आधारमा रही विद्युत खरिद दरको स्विकृति प्रदान गर्नेछः

(क) आयोजनाको अनुमानित लागत

(ख) ऋणको श्रोत तथा ब्याजदर

(ग) ऋणको साँवा ब्याजको भुक्तानीको प्रक्रिया

(घ) निर्माण वा संचालनमा प्राप्त हुने अनुदान

(ङ) ह्रासकट्टी वा अग्रीम ह्रासकट्टी,

(च) स्वपूंजीमा प्रतिफल (ROE)

(छ) साधारण खर्च,

(ज) सञ्चालन खर्च,

(झ) मर्मत सम्भार खर्च,

(ञ) कार्य सञ्चालन खर्च,

(ट) राजश्व, कर तथा सेवा शुल्क

(ठ) अतिरिक्त पूँजिकरण,

(ड) ऋण तथा स्वलगानी अनुपात

(ढ) नेपाल सरकारका नीति तथा कानून,

(ण) आयोगले उपयुक्त ठहऱ्याएका अन्य आधार

(७) विनियम ७ को उपविनियम (६) बमोजिमको प्रक्रिया पूरा गरी विनियम ७ को उपविनियम (४) बमोजिम आयोगले प्राप्त गरेको निवेदन तथा सम्पूर्ण कागजात प्राप्त भएको मितिले साठी दिन भित्र विद्युत खरिद बिक्री दर निर्धारण गरी विद्युत खरिद सम्झौताको सहमति प्रदान गर्नेछ।

तर,

(१) आवश्यक सम्पूर्ण कागजात पूरा नभएको निवेदन प्राप्त भएको खण्डमा सो अवधिको गणना सम्पूर्ण कागजात प्राप्त भएको मितिबाट मात्र गनिनेछ।

(२) कुनै कागजात अपुग भएको निवेदन प्राप्त भएमा आयोगले सम्बन्धित पक्षसँग माग गर्नेछ।

(८) विद्युत खरिद बिक्री दर निर्धारण वा विद्युत खरिद सम्झौताको सहमति प्रदान गर्न नमिल्ने देखिएमा वा केहि परिमार्जन गर्नुपर्ने देखिएमा आयोगले सोको कारण खुलाई विद्युत खरिदकर्ता

तथा विद्युत बिक्रिकर्तालाई जानकारी गराउनेछ र परिमार्जन सहित थप कागजात उपलब्ध गराउनु पर्ने देखिएमा तीस दिन सम्मको समयावधि प्रदान गरिनेछ।

(९) आयोगले यस विनियम बमोजिम विद्युत खरिद दर निर्धारणको निवेदन उपर कारवाही गर्दा कम्तिमा एक पटक सार्वजनिक सुनुवाई गर्नेछ।

९. **प्रतिस्पर्धाबाट छनौट हुने आयोजनाको विद्युत खरिद बिक्री दर निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमति:** (१) प्रतिस्पर्धाको माध्यमबाट पनि विद्युत खरिद बिक्री दर निर्धारण गर्न सकिनेछ।

(२) प्रतिस्पर्धाको माध्यमबाट छनौट गरिने विद्युत उत्पादनका आयोजनाको विधि तथा आधारको पूर्व सहमति आयोगबाट लिनुपर्नेछ।

(३) उपविनियम (२) बमोजिम आयोगले सहमति प्रदान गरेको विधि तथा आधार अनुसार तय भएको विद्युत खरिद बिक्री दरलाई कायम गरी विद्युत खरिद सम्झौताको सहमति प्रदान गरिनेछ।

१०. **आपसी समझदारीबाट तय गर्ने विद्युत खरिद बिक्री दरको स्विकृति:** (१) विद्युत बिक्रिकर्ता र विद्युत खपत गर्ने उद्योग वा संस्था वा व्यक्ति वा समुदायले आयोगको सहमति लिई आपसी समझदारीमा विद्युतको खरिद बिक्री दर निर्धारण गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम विद्युत खरिद दरको स्वीकृति तथा विद्युत खरिद सम्झौताको सहमतिको लागि निवेदनको प्रक्रिया विनियम ७ बमोजिम हुनेछ ।

(३) उपविनियम (१) बमोजिम विद्युतको खरिद बिक्री दर निर्धारण गर्दा त्यस्तै किसिमका अन्य उद्योग वा संस्थासँग हुने विद्युत खरिद दरबीच एकरुपता हुने गरी गर्नुपर्नेछ।

(४) उपविनियम (१) बमोजिम विद्युत खरिद बिक्री दर निर्धारण गर्दा उपभोक्तालाई प्रतिकूल असर नपर्ने गरी तय गर्नुपर्नेछ।

(५) माथि उपविनियम (१) अनुसार बिद्युत खरिद बिक्रि गर्दा आफ्नै प्रसारणलाइन मार्फत गर्नुपर्नेछ। अन्य प्रसारण वा वितरणलाइन प्रयोग हुने भएमा आयोगले प्रसारण तथा वितरण दस्तुर (व्हिलिंग चार्ज) निर्धारण गरेपछि मात्र सहमति प्रदान गरिनेछ।

११. **एक सय किलोवाट भन्दा साना आयोजनाको विद्युत खरिद बिक्री दर तथा विद्युत खरिद सम्झौताको स्विकृति:** (१) स्थानीय तहको अनुमतिमा स्थानीय स्तरमा बन्ने एक सय किलोवाट भन्दा साना विद्युत आयोजना र विद्युत खरिदकर्ताबीच सम्पन्न हुने विद्युत खरिद सम्झौता तथा सोको विद्युत खरिद बिक्री दरको सम्बन्धमा विद्युत खरिदकर्ताले अनुसूची (५) मा उल्लेखित विद्युत खरिद बिक्री दर अनुसार नै खरिद गर्न सक्नेछ।

१२. **माथिल्लो तटीय आयोजनासँग समन्वय र सहकार्य गरी पिक आवरमा विद्युत उत्पादनलाई बढाउने:** (१) नदीको माथिल्लो तटमा रहेको अर्ध जलाशययुक्त (PROR) वा जलाशययुक्त (STORAGE) आयोजनाको तल्लो तटमा रहेको क्यास्केड (CASCADE) रन अफ द रिभर (ROR) आयोजनाले सो PROR वा STORAGE आयोजनाको पानी प्रयोग गरी उत्पादन गर्ने समय तालिका अनुसार नै

उत्पादन गर्न चाहेमा त्यस्ता आयोजनालाई PROR वा STORAGE को बर्गिकरणमा समावेश गरी अनुसूची (५) अनुसारको ROR को बिद्युत खरिद दर सरह हुने गरी आयोग समक्ष बिद्युत खरिद सम्झौताको स्वीकृतिका लागि पेश गर्न सक्नेछ ।

## परिच्छेद ४

## उपभोक्ताले बुझाउने महसुलको निर्धारण

१३. **तत्काल कायम रहेको महसुल दरः** उपभोक्ताले बुझाउने नयाँ महसुल दर आयोगले निर्धारण नगरे सम्म हाल कायम रहेको महसुल दरलाई नै निरन्तरता दिइनेछ।

१४. **उपभोक्ताले बुझाउने महसुल निर्धारणका लागि निवेदनको प्रक्रियाः** (१) उपभोक्ताले बुझाउने महसुल दर निर्धारणको लागि वितरण अनुमति प्राप्त व्यक्तिले नियमावलीको नियम ८ बमोजिम आयोग समक्ष निवेदन दिनुपर्नेछ ।

(२) आयोगले उपविनियम (१) बमोजिम बुझाइने निवेदनको ढाँचा, निवेदन प्रक्रिया तथा महसुल दरको निर्धारण प्रक्रिया तयार गरी सार्वजनिक गर्नेछ।

## परिच्छेद ५

## शेयरको सार्वजनिक निष्कासन तथा शेयर संरचना परिवर्तनको स्विकृति

१५. **आयोग गठन मिति पूर्वका शेयर निष्कासन र शेयर संरचना परिवर्तनः** आयोग गठन मिति पूर्व अनुमति प्राप्त व्यक्तिले तत्काल प्रचलित कानुन अनुरुप गरेको सार्वजनिक शेयर निष्कासन तथा शेयर संरचना परिवर्तन यथावत कायम रहनेछन्।

१६. **सार्वजनिक शेयरको निष्कासनः** सार्वजनिक शेयर निष्काशनको स्विकृती आयोगले जारी गरेको "विद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६" अनुसार हुनेछ।

१७. **शेयर संरचना परिवर्तनको स्विकृतिः** (१) अनुमति प्राप्त व्यक्तिले शेयर संरचना परिवर्तन गर्नु पूर्व नियमावलीको नियम ४५ बमोजिम आयोग समक्ष स्विकृतिको लागि अनुसूची (६) मा तोकिएको ढाँचामा अनुसूची (७) बमोजिमको कागजात संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(२) उपविनियम (१) बमोजिमको निवेदनको साथ रू दश हजार रुपैयाँ सेवा शुल्क बुझाएको सक्कल बैंक भौचर आयोग समक्ष बुझाउनुपर्नेछ।

(३) अनुमति प्राप्त व्यक्तिले शेयर संरचनामा पुनः परिवर्तन गर्नुपर्ने भएमा उपविनियम (१) बमोजिमको निवेदनको साथ अनुसूची (८) बमोजिमका कागजातहरु मात्र पेश गर्नुपर्नेछ।

(४) ऐन र नियमावली अन्तर्गतको काम, कर्तव्य र अधिकार बमोजिम आयोगले उपविनियम (१) अनुसारको निवेदन उपर कारबाही गरी साठी दिन भित्र स्विकृती प्रदान गर्नेछ।

## परिच्छेद ६

## सेवा प्रभावकारिता तथा सुरक्षा

१८. **प्रसारण र वितरण चुहावट अनुगमनः** (१) वितरण अनुमति प्राप्त व्यक्तिले कुल चुहावट (प्राविधिक तथा अप्राविधिक) को प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) वितरण अनुमति प्राप्त व्यक्तिले उपविनियम (१) बमोजिम तयार पारिएको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष सकिएको ६ महिना भित्र आयोग समक्ष पेश गर्नुपर्नेछ।

(३) वितरण अनुमति प्राप्त व्यक्तिले आगामी आर्थिक वर्षको उत्पादन र प्रसारणको मर्मत सम्भार सम्बन्धि कार्ययोजना आर्थिक वर्ष शुरु हुनु भन्दा एक महिना अघि आयोग समक्ष पेश गर्नुपर्नेछ।

१९. **विद्युत सम्बन्धी सेवा तथा सुरक्षाका उपायहरुः** (१) वितरण अनुमति प्राप्त व्यक्तिले उपभोक्तालाई विश्वसनीय, सुरक्षित तथा भरपर्दो विद्युत प्रवाहको व्यवस्था गर्नुपर्नेछ।

(२) वितरण अनुमति प्राप्त व्यक्तिले विद्युत जडान गर्न लाग्ने समय र सो को प्रक्रिया निर्धारण गरी सार्वजनिक गर्नुपर्ने र सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

(३) काबु बाहिरको परिस्थितिमा बाहेक विद्युतको आपूर्तिमा लगातार तीन घण्टा भन्दा बढी अवरोध हुने अवस्थामा वितरण अनुमति प्राप्त व्यक्तिले उपभोक्तालाई पूर्व जानकारी गराउनु पर्नेछ।

स्पष्टिकरणः काबु बाहिरको परिस्थिति भन्नाले बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्राकृतिक प्रकोप सम्झनुपर्छ।

(४) अनुमति प्राप्त व्यक्तिले परियोजना निर्माण, सञ्चालन तथा सम्भार कार्यमा संलग्न कर्मचारीको जीवन बिमा र दुर्घटना बिमा सुनिश्चित गर्नुपर्नेछ।

## परिच्छेद ७

## अनुमति प्राप्त व्यक्तिको वित्तिय विवरण, आन्तरिक नियन्त्रण तथा संस्थागत सुशासन

२०. **छुट्टा-छुट्टै वित्तिय विवरणः** अनुमति प्राप्त व्यक्तिले उत्पादन, प्रसारण, वितरण वा व्यापार क्षेत्रको छुट्टा-छुट्टै वित्तिय विवरण राखी आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र आयोग समक्ष पेश गर्नुपर्नेछ।

२१. **वित्तिय विवरणः** (१) अनुमति प्राप्त व्यक्तिले पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन तथा वार्षिक साधारण सभाका छलफलका विषयहरु तथा सो सम्बन्धी सञ्चालक समितिको निर्णयको प्रतिलिपि वार्षिक साधारण सभा पूर्व आयोग समक्ष पेश गर्नुपर्नेछ।

(२)अनुमति प्राप्त व्यक्तिले अनुसूची (९) अनुसारको ढाँचामा त्रैमासिक वित्तिय विवरण त्रैमासिक अवधि समाप्त भएको ३० दिन भित्र आयोग समक्ष पेश गर्नुपर्नेछ।

२२. **वार्षिक प्रतिवेदनः** (१) आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र अनुमति प्राप्त व्यक्तिले ऐनको दफा ३८ को उपदफा ४ बमोजिम आफूले सम्पादन गरेको काम कारवाहीको प्रतिवेदन तयार गरी लेखापरीक्षण प्रतिवेदन सहित आयोग समक्ष पेश गर्नुपर्नेछ।

(२) अनुमति प्राप्त व्यक्तिले वार्षिक प्रतिवेदनको सारांश सार्वजनिक गर्नुपर्नेछ। सोही बमोजिमको प्रतिवेदनको सारांश आयोगलाई समेत उपलब्ध गराउनु पर्नेछ र सो सारांश आयोगले आफ्नो वेबसाइटमा पनि राख्न सक्नेछ।

## परिच्छेद ८

## अनुपालन तथा अनुगमन

२३. **अनुपालन तथा अनुगमन** : (१) अनुमति प्राप्त व्यक्तिले ऐन वा ऐन अन्तर्गत बनेको नियम/विनियम वा अन्य निर्देशिका तथा मापदण्ड बमोजिमको कुनै दायित्व पालना नगरेमा वा आवश्यक विवरण आयोग समक्ष नबुझाएमा वा कुनै विवरण लुकाएको विश्वास गर्ने आधार भएमा आयोगले अनुमति प्राप्त व्यक्तिको अभिलेख निरिक्षण गर्न सक्नेछ।

(२) आयोगलाई अनुमति प्राप्त व्यक्तिले आफ्नो आयोजना स्थल, कार्यालय र अभिलेखमा पहुँच प्रदान गर्नुपर्नेछ।

(३) अनुमति प्राप्त व्यक्तिहरु बिच भएको सम्झौता कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता कार्यान्वयन नगरेको गुनासो प्राप्त भएको अवस्थामा आयोगले पक्षहरुलाई राखी सम्झौता कार्यान्वयनको लागि आवश्यक पहल गर्न र आदेश दिन सक्नेछ।

(४) अनुमति प्राप्त व्यक्तिको निर्णय वा कार्यबाट उपभोक्तालाई पर्न जाने असुविधा वापत आयोगले निर्णय गरे अनुसारको क्षतिपूर्ति नपाएको गुनासो आयोगमा प्राप्त भएको अवस्थामा आयोगले आवश्यक निर्देशन गर्नेछ।

## अनुसूची १

## विनियम ७ को उपविनियम (४) सँग सम्बन्धित

## जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमतिका लागि विद्युत खरिदकर्ताले बुझाउने निवेदनको ढाँचा

मिति .....

श्री विद्युत नियमन आयोग,
....., काठमाण्डौ ।

**विषयः विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमति पाउँ भन्ने बारे।**

उपरोक्त विषयमा मिति ..... मा ..... बाट प्राप्त भएको निवेदन उपर यस संस्थाले प्राविधिक/वित्तिय मूल्यांकन गरी विद्युत खरिद बिक्री दर तथा विद्युत खरिद बिक्री अन्तिम सम्झौताको मस्यौदा तयार गरेको हुँदा, विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमति पाउँ भनी तपसिल बमोजिमको विवरण तथा कागजात सहित निवेदन पेश गर्दछु।

१. **कम्पनीको परिचय**

कम्पनी वा संस्थाको नाम : .....

कम्पनी वा संस्थाको ठेगाना:

गा.पा./न.पा. : ..... वार्ड नंः .....जिल्ला : .....

प्रदेश : .....

फोन नं. : ..... इमेल : .....

कम्पनीको दर्ता नं.: .....

उद्योग दर्ता नम्बर : .....

स्थायी लेखा नम्बर .....

२. **कम्पनीको वित्तिय अवस्था**

कम्पनीको अधिकृत पूँजि .....

कम्पनीको जारी पूँजि .....

कम्पनीको चुक्ता पूँजि .....

३. **आयोजनाको वित्तिय अवस्था**

आयोजनाको अनुमानित लागत .....

आयोजनाको प्रस्तावित ऋण/ पूँजिको अनुपात .....

४. **आयोजनाको परिचय**

आयोजनाको नाम: .....

विद्युत उत्पादनको श्रोत: .....

आयोजनाको जडित क्षमता: .....

आयोजनाको प्रकार: .....

आयोजनाको सर्वेक्षण अनुमति पत्र नं र जारी गरिएको मिति : .....

आयोजनाको सर्वेक्षण अनुमति पत्र जारी गर्ने निकाय : .....

आयोजनाको उत्पादन अनुमति पत्र नं र जारी गरिएको मिति : .....

आयोजनाको उत्पादन अनुमति पत्र जारी गर्ने निकाय : .....

आयोजनाको अक्षांश : .....

देशान्तर: .....

आयोजनाको हेड: .....

पानीको वहाब (Design Discharge $M^3$/Sec) : .....

जलाधार क्षेत्र: .....

५. **आयोजना रहेको स्थान**

गा.पा./न.पा: ..... वार्ड नं: .....जिल्ला: .....

प्रदेश: .....

६. कनेक्सन एग्रिमेन्ट भएको मिति : .....

७. कनेक्सन गर्ने सबस्टेशनको नाम तथा भोल्टेज: .....

८. विद्युत खरिद बिक्री सम्झौताको अवधिः .....

९. विद्युत खरिद बिक्री सम्झौताको प्रकार (टेक अर पे/ टेक एण्ड पे/अन्य): .....

१०. व्यापारिक उत्पादन गर्नुपर्ने मिति (RCOD): .....

११. कन्ट्र्याक्ट इनर्जी (Contract Energy): .....

१२. सुख्खा याम इनर्जी (Dry Energy): .....

१३. वर्षा याम इनर्जी (Wet Energy): .....

१४. सुख्खा यामको अवधि: .....

१५. वर्षा यामको अवधि: .....

१६. RCOD ढिला भएमा उत्पादन अनुमतिप्राप्त व्यक्तिले तिर्नुपर्ने हर्जनाको सुत्र: .....

१७. प्रशारण लाईन वा सब्स्टेशनको निर्माणमा ढिलाईको कारणले COD ढिला भएमा वितरण अनुमतिप्राप्त व्यक्तिले तिर्नुपर्ने हर्जनाको सुत्र: .....

१८. Availability Declaration गर्नुपर्ने पूर्व अवधिः .....

१९. Availability Declaration:

सुख्खा याम : .....

वर्षा याम : .....

२०. कन्ट्र्याक्ट इनर्जी र Availability Declaration जुन कम छ त्यो भन्दा कम हुँदा तिर्नुपर्ने हर्जनाको सुत्र (जलविद्युत आयोजनाको हकमा १० मेगावाट भन्दा माथिका आयोजनाको लागि मात्र): .....

२१. Connection Agreement अनुसार प्रसारण लाइन सम्बन्धि व्यवस्थाः .....

२२. Run of River मा आधारित परियोजनाको हकमा

विद्युत खरिदको दरः .....

मूल्यवृद्धिको दर र पटकः .....

२३. Peaking Run of River मा आधारित परियोजनाको हकमा

Peaking को अवधिः .....

विद्युत खरिदको दरः .....

मूल्यवृद्धिको दर र पटकः .....

२४. जलाशययुक्त जलविद्युत परियोजनाको हकमा

विद्युत खरिदको दरः .....

मूल्यवृद्धिको दर र पटकः .....

Live Storage: .....

Dead Storage: .....

२५. पम्प स्टोरेज जलविद्युत परियोजनाको हकमा

विद्युत खरिदको दरः .....

मूल्यवृद्धिको दर र पटकः .....

Lower Reservoir Volume: .....

Pump Back Capacity: .....

Pump Motor Capacity: .....

Depletion Time: .....

२६. अन्य परियोजनाको हकमा

विद्युत खरिदको दरः .....

मूल्यवृद्धिको दर र पटकः .....

२७. Dispatch Instruction बाट अतिरिक्त उर्जा लिने आदेश भएमा अतिरिक्त उर्जाको खरिद दरः .....

२८. बिल प्राप्त भएको कति दिनभित्र भुक्तानी गर्नुपर्नेः .....

२९. Performance Guarantee बापत रकमः .....

३०. कन्ट्रयाक्ट इनर्जी (Contract Energy ) पुनरावलोकनको प्रावधान : .....

अधिकार प्राप्त अधिकारीको नामः .....

दस्तखतः .....

पदः .....

विद्युत खरिदकर्ताको नामः .....

विद्युत खरिदकर्ताको छापः

## अनुसूची २

### विनियम ७ को उपविनियम (४) सँग सम्बन्धित

**<u>वैकल्पिक उर्जा आयोजनाको विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद सम्झौताको सहमतिका लागि विद्युत खरिदकर्ताले बुझाउने निवेदनको ढाँचा</u>**

मिति .....

श्री विद्युत नियमन आयोग,
....., काठमाण्डौ ।

**विषयः विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमति पाउँ भन्ने बारे।**

उपरोक्त विषयमा मिति ..... मा ..... बाट प्राप्त भएको निवेदन उपर यस संस्थाले प्राविधिक/वित्तिय मुल्यांकन गरी विद्युत खरिद बिक्री दर तथा विद्युत खरिद बिक्री अन्तिम सम्झौताको मस्यौदा तयार गरेको हुँदा, विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमति पाउँ भनी तपसिल बमोजिमको विवरण तथा कागजात सहित निवेदन पेश गर्दछु।

१. **कम्पनीको परिचय**

कम्पनी वा संस्थाको नाम : .....

कम्पनी वा संस्थाको ठेगाना:

गा.पा./न.पा. : ..... वार्ड नंः ..... जिल्ला :

.....

प्रदेश : .....

फोन नंः .....इमेलः .....

कम्पनीको दर्ता नं.: .....

उद्योग दर्ता नम्बर : .....

स्थायी लेखा नम्बर .....

२. **कम्पनीको वित्तिय अवस्था**

कम्पनीको अधिकृत पूँजि .....

कम्पनीको जारी पूँजि .....

कम्पनीको चुक्ता पूँजि .....

३. **आयोजनाको वित्तिय अवस्था**

आयोजनाको अनुमानित लागत .....

आयोजनाको प्रस्तावित ऋण/ पूँजिको अनुपात .....

४. **आयोजनाको परिचय**

आयोजनाको नाम: .....

विद्युत उत्पादनको श्रोत: .....

आयोजनाको जडित क्षमता: .....

आयोजनाको प्रकार: .....

आयोजनाको उत्पादन अनुमति पत्र नं र जारी गरिएको मिति : .....

आयोजनाको उत्पादन अनुमति पत्र जारी गर्ने निकाय : .....

५. **आयोजना रहेको स्थान**

गा.पा./न.पा: ..... वार्ड नं: ..... जिल्ला: .....

प्रदेश: .....

आयोजनाको अक्षांश : .....

देशान्तर: .....

६. कनेक्सन एग्रिमेन्ट भएको मिति : .....

७. कनेक्सन गर्ने सबस्टेशनको नाम तथा भोल्टेज: .....

८. विद्युत खरिद बिक्री सम्झौता प्रस्तावित मिति तथा अवधिः .....

९. विद्युत खरिद बिक्री सम्झौताको प्रकार (टेक अर पे/ टेक एण्ड पे/अन्य): .....

१०. व्यपारिक उत्पादन गर्नुपर्ने मिति (RCOD): .....

११. कन्ट्रयाक्ट इनर्जी (Contract Energy): .....

१२. RCOD ढिला भएमा उत्पादन अनुमतिप्राप्त व्यक्तिले तिर्नुपर्ने हर्जनाको सुत्र: .....

१३. प्रशारण लाईन वा सब्स्टेशनको निर्माणमा ढिलाईको कारणले COD ढिला भएमा वितरण अनुमतिप्राप्त व्यक्तिले तिर्नुपर्ने हर्जनाको सुत्र: .....

१४. कनेक्सन एग्रिमेन्ट अनुसार प्रसारण लाइन सम्बन्धि व्यवस्थाः .....

१५. विद्युत खरिदको दरः .....

१६. मूल्यवृद्धिको दर र पटकः .....

१७. बिल प्राप्त भएको कति दिनभित्र भुक्तानी गर्नुपर्नेः .....

१८. Performance Guarantee बापत रकमः .....

१९. कन्ट्रयाक्ट इनर्जी (Contract Energy ) पुनरावलोकनको प्रावधान : .....

अधिकार प्राप्त अधिकारीको नामः .....

दस्तखत: .....

पद: .....

विद्युत खरिदकर्ताको नामः .....

विद्युत खरिदकर्ताको छापः

# अनुसूची ३

## विनियम ७ को उपविनियम (४) सँग सम्बन्धित

## विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमतिको लागि निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु

(क) विद्युत बिक्रिकर्ताको कम्पनी/संस्था दर्ता प्रमाणपत्र

(ख) विद्युत बिक्रिकर्ताको अद्यावधिक प्रबन्धपत्र, नियमावली तथा शेयर लगत

(ग) विद्युत बिक्रिकर्ता तथा आयोजनाको उद्योग दर्ता प्रमाणपत्र

(घ) विद्युत बिक्रिकर्ताको सञ्चालकहरुको विवरण

(ङ) विद्युत बिक्रिकर्ताको स्थायी लेखा नम्बर प्रमाणपत्र

(च) विद्युत बिक्रिकर्ताको पछिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्र

(छ) आयोजनाको उत्पादन अनुमति पत्र (ऐनको दफा १३ (ख) तथा नियमावलीको नियम १० (१) अनुसार)

(ज) वातावरणीय अध्ययन प्रतिवेदनको कार्यकारी सारांश (Executive Summary)

(झ) आयोजनामा कर्जा लगानी गर्ने वित्तिय संस्थाको मनसाय पत्र

(ञ) आयोजनाको ग्रिड कनेक्सन एग्रिमेन्ट

(ट) विद्युत खरिदकर्ताले गरेको प्राविधिक तथा वित्तिय मूल्यांकन सम्बन्धि कागजात

(ठ) आयोजनाको संक्षिप्त विवरण (Salient Features)

(ड) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको कार्यकारी सारांश (Executive Summary) तथा आयोजनाको Layout Map

(ढ) विद्युत खरिद बिक्री दरको निर्धारण तथा विद्युत खरिद बिक्री सम्झौताको सहमतिको लागि निवेदन दिने सम्बन्धमा विद्युत बिक्रिकर्ताको सञ्चालक समितिको निर्णय

(ण) विद्युत बिक्रिकर्ताको पछिल्लो तीन वर्षको लेखा परीक्षण भएको वित्तिय विवरण तथा कम्पनीको वार्षिक प्रतिवेदन

(त) १०० मेगावाट भन्दा माथिको आयोजनाको हकमा बिस्तृत अध्ययन प्रतिबेदन ।

## अनुसूची ४

## विनियम ७ को उपविनियम (६) सँग सम्बन्धित

**<u>सेवा शुल्क</u>**

१) एक सय किलोवाट देखि एक मेगावाट सम्मका आयोजनाको हकमा एकमुष्ट : रु. १,००,०००/- (एक लाख)

२) एक मेगावाट भन्दा माथि देखि एक हजार मेगावाट सम्मका आयोजनाको हकमा प्रकरण १ मा उल्लेख गरिएको सेवा शुल्कमा थप प्रति मेगावाट रु. १०,०००/- (दस हजार)

३) एक हजार मेगावाट भन्दा माथिका आयोजनाको हकमा एकमुष्ट : रु. १,२०,००,०००/- (एक करोड बीस लाख)

## अनुसूची ५

## विनियम ८ को उपविनियम (२) सँग सम्बन्धित

**<u>१०० मेगावाट सम्मका जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री दर र विद्युत खरिद सम्झौताका मुख्य शर्त तथा प्रावधानहरु</u>**

**(१) निम्नलिखित शर्तहरु पूरा गर्ने Run of River मा आधारित जलविद्युत आयोजनाको विद्युत खरिद दर देहाय बमोजिम कायम हुनेछ।**

(क) ६ महिना (जेठ १६ देखि मंसिर १५ सम्म) को उर्जा कुल वार्षिक उर्जाको अधिकतम ७०% हुने Run of River मा आधारित जलविद्युत आयोजनाको विद्युत खरिद दर देहाय बमोजिम कायम हुनेछ र उक्त दरमा वार्षिक ३% को दरले ८ पटक सम्म साधारण वृद्धि गरी समायोजन हुनेछ।

| अवधि | प्रति युनिट खरिद दर रुपैयाँ |
|---|---|
| जेठ १६ देखि मंसिर १५ सम्म | ४.८० |
| मंसिर १६ देखि जेठ १५ सम्म | ८.४० |

(ख) Run of River मा आधारित जलविद्युत आयोजनाको सुख्खायाम (मंसिर १६ देखि जेठ १५ सम्म) को सम्झौता उर्जा कुल वार्षिक उर्जाको न्युनतम ३०% नपुग्ने अवस्था आएमा देहाय बमोजिमको विद्युत खरिद दर कायम हुनेछ र उक्त दरमा वार्षिक ३% को दरले ८ पटक सम्म साधारण वृद्धि गरी समायोजन हुनेछ।

| अवधि | प्रति युनिट खरिद दर रुपैयाँ |
|---|---|
| बैशाख देखि मंसिरसम्म | ४.८० |
| पौष देखि चैत्रसम्म | ८.४० |

**(२) निम्नलिखित शर्तहरु पूरा गर्ने Peaking Run of River मा आधारित जलविद्युत आयोजनाको विद्युत खरिद दर देहाय बमोजिम कायम हुनेछ र उक्त दरमा वार्षिक ३% को दरले ८ पटक सम्म साधारण वृद्धि गरी समायोजन हुनेछ।**

(क) Peaking Run of River मा आधारित जलविद्युत आयोजनाका लागि न्युनतम १ घण्टादेखि ६ घण्टा सम्म एक पटक Rated Capacity मा Daily Peaking गर्न सक्ने क्षमता हुनुपर्नेछ।

(ख) Peaking Run of River मा आधारित जलविद्युत आयोजनाको विद्युत खरिद सम्झौतामा जतिसुकै घण्टाको Daily Peaking उल्लेख भए तापनि आयोजना निर्माण सम्पन्न भएपछि वास्तविक (As per Actual) का आधारमा वर्षमा एकपटक प्रणाली सञ्चालकले तोकेको

समयमा उत्पादन गरी प्रमाणित भए बमोजिम Peaking Energy को उल्लेखित विद्युत खरिद दर कायम हुनेछ।

(ग) जेठ १६ देखि मंसिर १५ सम्म ६ महिनाको उर्जा कुल वार्षिक उर्जाको अधिकतम ७०% हुनुपर्नेछ तर १० मेगावाट सम्मका आयोजनाको हकमा अधिकतम ७० प्रतिशतको सिमा लागु हुने छैन।

| अवधि | दैनिक समय | पूर्ण क्षमतामा उत्पादन गर्नुपर्ने दैनिक घण्टा | प्रति युनिट खरिद दर रुपैयाँ |
|---|---|---|---|
| सुख्खायाम (मंसिर १६ देखि जेठ १५ सम्म) | Peaking hours | १ घण्टा देखि २ घण्टा भन्दा कम | ८.५० |
| | | २ घण्टा देखि ३ घण्टा भन्दा कम | ८.८० |
| | | ३ घण्टा देखि ४ घण्टा भन्दा कम | ९.४० |
| | | ४ घण्टा देखि ६ घण्टा सम्म | १०.५५ |
| | Non-Peaking hours | | ८.४० |
| वर्षायाम (जेठ १६ देखि मंसिर १५ सम्म) | All hours | | ४.८० |

**(३) निम्नलिखित शर्तहरु पूरा गर्ने जलाशययुक्त जलविद्युत आयोजनाको विद्युत खरिद दर देहाय बमोजिम कायम हुनेछ र उक्त दरमा वार्षिक ३% को दरले ८ पटक सम्म साधारण वृद्धि गरी समायोजन गरिनेछ।**

(क) जलाशययुक्त जलविद्युत आयोजनाहरु को सक्रिय भण्डारण आयतन (Active Storage Volume) Design Discharge को १५ दिन बराबर हुन आउने आयतन भन्दा घटी हुन नहुने र Dead Storage Volume कम्तिमा ५० वर्षसम्म Sediment ले नभरिने गरी डिजाइन गर्नु पर्नेछ।

(ख) मंसिर १६ देखि जेठ १५ सम्म ६ महिनाको उर्जाको न्युनतम ३५% हुनुपर्नेछ।

| अवधि | प्रति युनिट खरिद दर रुपैयाँ |
|---|---|
| जेठ १६ देखि मंसिर १५ सम्म | ७.१० (यदि वर्षायामको विद्युत उत्पादन कुल वार्षिक उत्पादनको ५०% भन्दा बढी भएमा बढी |

| | |
|---|---|
| | भएको प्रतिशत बराबर वर्षायामको विद्युत खरिद दर घटाइनेछ।) |
| मसिर १६ देखि जेठ १५ सम्म | १२.४० |

(४) **१० मेगावाट भन्दा साना जलविद्युत (ROR तथा PROR) आयोजनाको सम्बन्धमाः**

(क) विद्युत बिक्रीकर्ताले आफ्नो आयोजनाबाट उत्पादन हुने विद्युतको पूर्वानुमान (Availability Declaration) विद्युत खरिदकर्तालाई जानकारी गराउनुपर्नेछ। विद्युत बिक्रीकर्ताको विद्युत उत्पादनको पूर्वानुमानलाई आधार मानी विद्युत खरिदकर्ताले विद्युत बिक्रिकर्तालाई कुनै हर्जाना लगाउन पाउने छैन। त्यस्तै बाढी पहिरो र भुकम्पका कारण प्रसारणलाइन वा सबस्टेशनमा क्षति पुग्न गएमा खरिदकर्ताले बिक्रिकर्तालाई क्षतिपुर्ति दिनु पर्ने छैन तथापी खरिदकर्ताले यथाशक्य छिटो प्रणाली सुचारु गराएर आयोगलाई जानकारी दिनु पर्नेछ ।

(ख) बिद्युत खरिदबिक्रि सम्झौता बमोजिम खरिदकर्ताले बिक्रिकर्तालाई Undelivered Energy को क्षतिपुर्ति प्रदान गर्दा १३२ के.भी., ६६ के. भी., ३३ के. भी. र ११ के. भी. लाई समान शुत्र प्रयोगमा ल्याउनु पर्नेछ ।

(ग) बिद्युत खरिद सम्झौतामा Spinning Reserve को प्रावधान रहने छैन ।

(घ) माथिका शर्त तथा प्राबधानहरु सन्चालनमा रहेका आयोजनाको हकमा पनि लागु हुनेछ ।

## अनुसूची ६

## विनियम १७ को उपविनियम (१) सँग सम्बन्धित

**<u>शेयर संरचना परिवर्तनको स्विकृतिका लागि बुझाउने निवेदनको ढाँचा</u>**

मिति.....

श्री विद्युत नियमन आयोग,
....., काठमाण्डौ ।

**विषयः शेयर संरचना परिवर्तनको स्विकृति पाउँ भन्ने बारे।**

उपरोक्त विषयमा यस कम्पनीको शेयर संरचना परिवर्तनको स्विकृति पाउँ भनी तपसिल बमोजिमको विवरण तथा कागजात सहित निवेदन पेश गर्दछु।

१. **कम्पनीको विवरण**

कम्पनी वा संस्थाको नामः .....
कम्पनी वा संस्थाको ठेगाना
गा.पा./न.पाः ..... जिल्लाः ..... प्रदेश .....
कम्पनीको दर्ता नं.: .....
उद्योग दर्ता नम्बरः .....
स्थायी लेखा नम्बरः .....

२. **आयोजनाको विवरण**

आयोजनाको नामः .....
आयोजनाको क्षमताः .....
आयोजनाको प्रकारः .....
विद्युतिय स्रोतको प्रकृतिः .....
आयोजनाको उत्पादन अनुमतिपत्र नं र जारी गरिएको मिति : .....
आयोजनाको उत्पादन अनुमतिपत्र जारी गर्ने निकायः .....
आयोजनाको प्रसारण लाइनको अनुमतिपत्र नं र जारी गरिएको मिति : ..... .....
आयोजना रहेको स्थान;

गा.पा./न.पाः ..... जिल्लाः ..... प्रदेश .....

आयोजनाको अक्षांशः .....

देशान्तरः .....

आयोजनाको हेडः .....

अनुमानित पानीको वहाबः .....

जलाधार क्षेत्रः .....

राष्ट्रिय ग्रिड प्रसारणमा जोडिने स्थानः .....

विद्युतगृहबाट राष्ट्रिय ग्रिड प्रसारणमा जोडिने सबस्टेसनसम्मको प्रसारण लाइनको दुरी तथा क्षमता .....
.....

**३. कम्पनीको वित्तिय अवस्था**

कम्पनीको अधिकृत पूँजिः .....

कम्पनीको चुक्ता पूँजिः .....

पूँजिमा हुने वृद्धिः .....

शेयर संरचना परिवर्तन पश्चात हुने पूँजिः .....

**४. आयोजनाको वित्तिय अवस्था**

आयोजनाको अनुमानित लागतः .....

हाल सम्म भएको परियोजना निर्माण खर्चः .....

**५. शेयर संरचना परिवर्तन गर्नुपर्नाको कारण** .....

अधिकार प्राप्त अधिकारी को नामः .....

दस्तखतः .....

पदः .....

कम्पनी/संस्थाको छाप

## अनुसूची ७

## विनियम १७ को उपविनियम (१) सँग सम्बन्धित

**अनुमति प्राप्त कम्पनी वा संस्थाहरुको शेयर संरचनामा परिवर्तनको स्विकृतिका लागि निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु**

(१) अद्यावधिक प्रबन्धपत्र, नियमावली, दर्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर प्रमाणपत्र ।

(२) अद्यावधिक शेयर लगत ।

(३) सञ्चालक सम्बन्धि विवरण।

(४) परियोजनाहरु सम्बन्धी विवरण।

(५) निर्माणको चरणमा रहेका परियोजनाहरुको हकमा परियोजना/निर्माणको प्रगति विवरण तथा हालसम्म भएको खर्चको विवरण (ऋणदाताको इञ्जिनियरद्वारा प्रमाणित विवरण समेत)।

(६) विद्युत सम्बन्धी परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिमका निकायबाट प्राप्त भएको इजाजत, अनुमति वा स्विकृति पुष्टि गर्ने कागजातहरु।

(७) शेयर संरचनामा परिवर्तनको सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(८) पछिल्लो तीन वर्षको लेखा परिक्षण भएको वित्तिय विवरण ।

(९) प्रस्तावित शेयर बिक्रेता र शेयर खरिदकर्ताको विवरण तथा प्रस्तावित शेयर संरचना परिवर्तन पश्चात अनुमति प्राप्त व्यक्तिको अनुमानित शेयर लगतको विवरण ।

## अनुसूची ८

## विनियम १७ को उपविनियम (३) सँग सम्बन्धित

**शेयर संरचना परिवर्तनको एक पटक वा सो भन्दा बढी स्विकृति लिईसकेका, अनुमति प्राप्त व्यक्तिको शेयर संरचनामा थप परिवर्तनको स्विकृतिका लागि निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु**

(१) पछिल्लो स्विकृति पछि प्रबन्धपत्र, नियमावलीमा संसोधन भएमा सो को प्रतिलिपि।

(२) पछिल्लो स्विकृति पछिका शेयरधनीहरुको छुट्टै विवरण सहितको अद्यावधिक शेयर लगत।

(३) निर्माणको चरणमा रहेका परियोजना/हरुको हकमा परियोजना निर्माणको प्रगति विवरण तथा हालसम्म भएको खर्चको विवरण ।

(४) विद्युत सम्बन्धी परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिमका निकायबाट पछिल्लो स्विकृति पछि प्राप्त भएका इजाजत, अनुमति वा स्वीकृति पुष्टि गर्ने कागजातहरु।

(५) शेयर संरचनामा परिवर्तनको सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(६) पछिल्लो स्विकृति भन्दा पछिको लेखा परिक्षण भएको वित्तिय विवरण ।

(७) प्रस्तावित शेयर बिक्रेता र शेयर खरिदकर्ताको विवरण तथा प्रस्तावित शेयर संरचना परिवर्तन पश्चात अनुमति प्राप्त व्यक्तिको अनुमानित शेयर लगतको विवरण।

अनुसूची ९
विनियम २१ को उपविनियम (२) सँग सम्बन्धित

वित्तिय विवरणको ढाँचा

# Name
## Address

**UNAUDITED FINANCIAL STATEMENTS FOR .....**

| Statement of Financial Position | This Quarter Ending ..... | Previous Quarter Ending ..... | Corresponding Previous Year Quarter ..... |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, plant and equipment | | | |
| Capital work-in-progress | | | |
| Intangible assets | | | |
| Project work-in-progress | | | |
| Financial assets | | | |
| Other non-current assets | | | |
| **Total Non-Current Assets** | - | - | - |
| **Current Assets** | | | |
| Inventories | | | |
| Advance and Receivables | | | |
| Cash and cash equivalents | | | |
| Other Financial assets | | | |
| Other current assets | | | |
| **Total Current Assets** | - | - | - |
| **Total Assets** | - | - | - |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Equity share capital | | | |
| Other equity | | | |
| **Total Equity** | - | - | - |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Financial liabilities | | | |
| Provisions | | | |
| Deferred tax | | | |
| Other non-current liabilities | | | |
| **Total Non-Current Liabilities** | - | - | - |
| **Current Liabilities** | | | |

| | | | |
|---|---|---|---|
| Trade payables | - | | |
| Other Financial liabilities | | | |
| Provisions | | | |
| Other current liabilities | | | |
| **Total Current Liabilities** | **-** | **-** | **-** |
| **Total Liabilities** | **-** | **-** | **-** |
| **Total Equity and Liabilities** | **-** | **-** | **-** |

| **Statement of Profit or Loss and other Comprehensive Income** | **This Quarter Ending ……** | **Previous Quarter Ending ……** | **Corresponding Previous Year Quarter ……** |
|---|---|---|---|
| Revenue | | | |
| Cost of Sales | | | |
| Generation Expenses | | | |
| Distribution Expenses | | | |
| **Gross profit** | **-** | **-** | **-** |
| Other income | | | |
| Administrative and other operating expenses | | | |
| Impairment loss on investment | | | |
| **Profit from Operation** | **-** | **-** | **-** |
| Finance Income | | | |
| Finance Costs | | | |
| **Profit Before Tax** | **-** | **-** | **-** |
| **Income Tax Expense** | | | |
| **Profit for the year** | **-** | **-** | **-** |
| **Other comprehensive gain/(loss) for the year, net of tax** | | | |
| **Total Comprehensive gain/(loss) for the year, net of tax** | **-** | **-** | **-** |

*Note: All expenses and loss figures to be placed as negative numbers*